कर बुलेटिन
Tax Bulletin
http://www.ird.gov.np आन्तरिक राजस्व विभागको मासिक प्रकाशन
वर्ष १, अङ्क ७, २०७० वैशाख-जेठ Vol 1, Issue 7, June 2013

# जेठ मसान्तसम्म ९९ अर्ब राजस्व संकलन

आन्तरिक राजस्व विभाग अन्तर्गत चालु आ.ब. २०६९।७० को जेठ महिनासम्ममा जम्मा रु. ९९ अर्ब ३५ करोड ७० लाख राजस्व संकलन भएको छ। उक्त रकम गत आ. ब. २०६८।६९ को सोही अवधिको तुलनामा २१ प्रतिशतले बढी हो। यद्यपि यस अवधिका लागि निर्धारित लक्ष्य रु. ९९ अर्ब ६७ करोड ३१ लाखको तुलनामा संकलित राजस्व रु.३२ करोड ६१ लाखले घटी भएको छ। शिर्षकगत रूपमा

आ. ब. २०६९/७० जेठसम्मको राजस्व संकलन विवरण (रु.लाखमा)

| शिर्षक | २०६९/७० जेठसम्म | | | २०६८/६९ जेठ सम्मको असुली | गत आ. ब. को तुलनामा प्रगति (%) |
|---|---|---|---|---|---|
| | लक्ष्य | असुली | प्रगति (%) | | |
| आयकर | ५१२३२६ | ५४६२७७ | १०७ | ४१७७८२ | १३१ |
| मूल्य अभिबृद्धि कर | २७०७१६ | २५२१२१ | ९३ | २२८५६७ | ११० |
| अन्त:शुल्क | २११२५१ | १९२४१३ | ९१ | १७१६३० | ११२ |
| शिक्षा सेवा शुल्क | २३३८ | २७५९ | ११३ | १९२८ | १४३ |
| जम्मा | ९९६७३१ | ९९३५७० | १०० | ८१९९०७ | १२१ |

हेर्दा यस अवधिमा आयकर रु. ५४ अर्ब ६२ करोड ७७ लाख, मूल्य अभिबृद्धि कर रु. २५ अर्ब २१ करोड २१ लाख, अन्त:शुल्क रु. १९ अर्ब २४ करोड १३ लाख र शिक्षा सेवा शुल्क रु.२७ करोड ५९ लाख संकलन भएको छ। निर्धारित लक्ष्यको तुलनामा आयकर र शिक्षा सेवा शुल्कको संकलन लक्ष्यभन्दा बढी भएको छ भने मूल्य अभिबृद्धि कर र अन्त:शुल्कको संकलन लक्ष्यभन्दा केही घटी भएको छ।

बाँकी १५ पेजमा...

# नवनिर्मित भवनहरुको समुद्घाटन



आन्तरिक राजस्व कार्यालय पोखराको समुद्घाटन गर्नुहुँदै माननिय अर्थमन्त्री श्री शंकरप्रसाद कोइराला साथमा अर्थ सचिव श्री शान्तराज सुवेदी र महानिर्देशक श्री टंकमणि शर्मा लगायतका पदाधिकारीहरू

आन्तरिक राजस्व कार्यालय पोखराको नवनिर्मित भवनको माननीय अर्थ, उद्योग र वाणिज्य तथा आपूर्तिमन्त्री श्री शंकरप्रसाद कोइरालाबाट वैशाख ११ गते बुधवारका दिन समुद्घाटन गर्ने कार्य सुसम्पन्न भयो। समारोहका प्रमुख अतिथि माननीय अर्थ, उद्योग र वाणिज्य तथा आपूर्तिमन्त्री श्री कोइरालाले कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहमा अझ वढी सुधार गर्न मानव संसाधन विकास र अन्य स्रोत साधनमा थप लगानी गरिने प्रतिबद्धता व्यक्त गर्दै कर सम्वन्धी विद्यमान कानुनी व्यवस्थाको दरिलो कार्यान्वयन गर्न उपस्थित कर्मचारीहरू, उद्यमी तथा व्यवसायीहरूलाई निर्देशन दिनु भएको थियो। सो समारोहमा अतिथिको मन्तव्य राख्नुहुँदै अर्थ सचिव श्री शान्तराज सुवेदीले करदाताहरूले तिरेको कर राष्ट्र निर्माणको लागि भएको र जनताले तिरेको करवाट नै यस्ता सुविधा सम्पन्न भवनहरू निर्माण गरी सेवा प्रवाह गर्न सकिने विचार व्यक्त गर्नु भएको थियो। सो समारोहका शभापति एवं आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले पोखरा नगरको सुन्दरतासँगै पोखराका करदाताहरूले सुन्दर भवनमा विवरण एवं राजस्व दाखिला गर्ने र सेवा लिने अवसर प्राप्त भएको तथा नवनिर्मित भवन र कार्यालयको समग्र कार्यसञ्चालन वातावरण सुधार गर्न यस क्षेत्रका करदाताहरूको समेत समान भूमिका रहने विचार व्यक्त गर्नु भएको थियो। मन्तव्य कै क्रममा पश्चिमाञ्चल

बाँकी ३ पेजमा....

## आँखीझ्याल

कर तिरी राष्ट्रलाई 'आत्मनिर्भर बनाउन 'आग्रह पृष्ठ ५

कार्यालय निरीक्षण तथा अनुगमन पृष्ठ ३

करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न पृष्ठ ८

# महानिर्देशकको सन्देश



नेपालको कर प्रशासनको प्रमुखको हैसियतले सन् २०१३ को मे २९ मा संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक परिषद्को २२ औं बैठकमा भाग लिने अवसर प्राप्त भयो । संयुक्त राष्ट्र संघ भवन न्यूयोर्कमा सञ्चालित उक्त बिशेष बैठक कर सम्वन्धी विषयमा अन्तराष्ट्रिय सहयोगसँग केन्द्रित थियो । आर्थिक तथा सामाजिक परिषद् संयुक्त राष्ट्रसंघको स्थापना कालको एक महत्वपूर्ण अंग हो । जसमा राष्ट्रसंघको ७० प्रतिशत भन्दा बढी मानवीय र वित्तीय श्रोत उपयोग हुने गर्दछ । परिषद्का सदस्यहरू संयुक्त राष्ट्र संघको साधारण सभावाट ३ वर्षको लागि निर्वाचित भएका हुन्छन् । विश्वको भौगोलिक क्षेत्रका आधारमा सदस्य संख्या ५४ तोकिएको छ । जसअनुसार अफ्रिकन मुलुकहरूवाट १४, एसियाली मुलुकहरूवाट ११, पूर्वी युरोपको लागि ६, ल्याटीन अमेरिका र क्यारेवियनको लागि १०, पश्चिम युरोप र अन्यलाई १३ सिट विभाजन गरिएको छ । नेपाल २०१५ सम्मको लागि ५४ मध्येको एक सदस्य राष्ट्र हो । उक्त काउन्सिलको अध्यक्ष हाल महामहिम श्री नेस्टर ओसोरियो हुनुहुन्छ । उहाँ संयुक्त राष्ट्र संघको लागि कोलाम्बियाका स्थायी प्रतिनिधि पनि हुनुहुन्छ । बैठकको अध्यक्षता उहाँले नै गर्नु भएको थियो । यस्ता बैठकहरूमा नियमित रूपमा सम्वन्धित निकायका पदाधिकारीहरूबाट भाग लिइरहनु लाभगदायक हुने देखिएको छ ।

करको मामिलामा जानकार विश्वका प्रख्यात विद्वानहरूको प्रस्तुतीकरण रहेको उक्त बैठकका उद्देश्य कर प्रणाली सुधारमा सहयोग पुऱ्याउने रहेको थियो । उक्त बैठकमा मैले नेपालको कर प्रशासनको वर्तमान स्थिति र कर प्रणाली सुधारको बारेमा छोटो मन्तव्य व्यक्त गरेको थिए । मन्तव्यमा नेपालको कर प्रशासनको बर्तमान स्थिति, कर प्रणाली सुधारको सन्दर्भ, अनौपचारिक क्षेत्र करको दायरामा ल्याउने चूनौति, कर छलीको समस्या, मूल्य हस्तान्तरणको अन्तराष्ट्रिय परिवेश र नेपालको स्थिति, नेपालको कर प्रशासनको क्षमता विकासमा दातृ निकायहरूबाट भै रहेको सहयोग र परिषद् मार्फत नेपालले अपेक्षा गरेको सहयोगको बारेमा उल्लेख गरेको थिएँ । साथै नेपालको कर प्रणाली सुधार सम्बन्धी पाँच वर्षे राणनीतिक योजना र तीन वर्षीय कर प्रणाली सुधार योजनाको पुस्तकहरू परिषद्का अध्यक्षलाई हस्तान्तरण समेत गरेको थिएँ । मन्तव्य पश्चात नेपालको कर प्रशासनको जानकारी गराएकोमा अध्यक्षवाट धन्यवाद प्राप्त भएको थियो ।

आर्थिक तथा सामाजिक परिषदको बैठक सम्पन्न भएपश्चात् सोही स्थानमा ३० र ३१ मे २०१३ मा **Tax Treaty Administration and Negotiation** विषयक अर्को प्राविधिक बैठक सञ्चालन भएको थियो । उक्त बैठक कर प्रशासनका पदाधिकारीहरूलाई नै लक्षित गरि आयोजना गरिएको थियो । उक्त प्राविधिक बैठकमा कर प्रणाली सुधारमा अन्तराष्ट्रिय सहयोगको बारेमा छलफल भएको थियो । यो बैठकमा दोहोरो कर मुक्ति सम्बन्धी सम्झौता गर्ने विषय र विकासशील मुलुकहरूको कर प्रसासनको क्षमता विकास गर्ने तथा अन्तराष्ट्रिय प्रचलन र मापदण्डहरूको अनुशरणमा केन्द्रित थियो । विकासशील मुलुकहरूमा कर सम्झौता तथा प्रशासनिक क्षमता अभावको कारणले दोहोरो कर मुक्ति सम्वन्धी सम्झौताहरूवाट अपेक्षित उपलब्धीहरू हासिल गर्न नसकेको अवस्था छ । यसैले दोहोरो कर मुक्ति सम्वन्धी सम्झौता वा कर प्रशासनको क्षमता विकासमा अन्तराष्ट्रिय प्राविधिक सहयोग कसरी परिचालन गर्ने भन्नेमा नै बैठक केन्द्रित रहेको थियो ।

मुलुकहरू वीच हुने कर सम्बन्धी सम्झौताले एकातर्फ अन्तर्राष्ट्रिय लगानी भित्राई आर्थिक वृद्धिमा योगदान दिईरहेको हुन्छ भने यसले अन्तरदेशिय आय (**Cross Border Income**) मा दोहोरो कर हटाउन वा घटाउन मद्दत मिल्दछ । यस्तो सम्झौताले विभिन्न मुलुकका कर प्रशासन विचको सूचना आदान-प्रदानमा मद्दत मिल्ने र अन्तराष्ट्रिय स्तरमा हुने कर छली र कर चुहावट रोक्न मद्दत मिल्दछ । विकासशील मुलुकहरू मध्ये पनि अति कम विकसित मुलुकहरूमा दक्षतापूर्वक कर सम्बन्धी सम्झौताहरूमा वार्ता गर्ने, व्याख्या गर्ने र प्रसासन गर्ने क्षमता र अनुभवको कमि रहेकोछ । त्यसैले विकासशील मुलुकहरू आफ्नो आवश्यकता अनुसार कर सम्झौताहरू गर्न नसक्ने गरेका र सम्झौताहरू कार्यान्वयन गराउन असफल रहने गरेको अवस्था छ । फाईदा हुने विषयमा पनि जानकारी कम भएको कारणले कर सम्झौतावाट हुने लाभ लिन नसकेको अवस्था छ । क्षमता कम भएका कारण अन्तर्राष्ट्रिय स्तरमा कर छलीका घटना अनुसन्धान तथा कर छली निरुत्साहित गर्न समेत नसक्ने अवस्था रहन्छ ।

विकासशील मुलुकहरूमा कर सम्झौता गुणस्तरिय बनाउन कर प्रसासनको क्षमता विकास नै महत्वपूर्ण पक्ष हो । कर प्रशासनको संगठनात्मक संरचना र जनशक्तिमा अन्तर्राष्ट्रिय मापदण्डहरू र तीनको परिपालना अनुसरण गर्न सक्ने क्षमता हुनु पर्दछ । कर प्रशासन र कर प्रणाली अन्तराष्ट्रिय स्तरमा तुलनीय र तादात्म्यता राख्ने हुनु पर्दछ । यस्ता प्राविधिक बैठकहरूले विकसित मुलुकहरूले अवलम्वन गरेका विधि र प्रचलन तथा प्रकृयाहरूको वारेमा विकासशील मुलुकका कर प्रशासकहरूलाई



संयुक्त राष्ट्र संघको आर्थिक तथा सामाजिक परिषदका अध्यक्ष महामहिम श्री नेस्टर ओसोरीयोका साथ महानिर्देशक श्री शर्मा

ज्ञान र सिप प्राप्त हुनगई अन्तर्राष्ट्रिय मापदण्डहरू अवलम्वन गर्न संस्थागत क्षमता विकासमा सहयोग पुग्दछ । विकासशील मुलुकहरूलाई क्षमता विकासका लागि अन्तर्राष्ट्रिय सहयोग उपलब्ध भएमा लगानी वातावरणमा सुधार हुने तथा अन्तर्राष्ट्रिय रूपमा कर छली नियन्त्रण गर्न समेत सहयोग मिल्ने छ । यस अर्थमा यस्ता अन्तर्राष्ट्रिय सम्मेलन र बैठकहरू क्षमताअभिबृद्धि गर्न सहयोगी सिद्ध हुन्छन् ।

आन्तरिक राजस्व विभागको महानिर्देशकको जिम्मेवारी सम्हालेपछि मैले भाग लिएको यो दोश्रो अन्तराष्ट्रिय कार्यक्रम थियो । यस अघि जापानमा भएको उच्च स्तरीय कर प्रणाली सम्बन्धी सम्मेलनमा भाग लिएको थिएँ । अन्तराष्ट्रिय स्तरमा तुलना गर्दा अरु मुलुकको तुलनामा हाम्रो क्षमता र संस्थागत व्यवस्था दुवै नै कमजोर छ । तर कर प्रणाली सुधार र करदाता सेवा तथा कर जागरण जस्ता कार्यक्रमहरूमा हामीले अग्रणी भूमिका निर्वाह गरिरहेका छौं । जापानमा भएको सम्मेलनमा हाम्रो कर प्रणाली सुधारको रणनीतिक योजना तथा सुधार योजना उत्कृष्ट नमूनाको रूपमा सहभागी तथा विश्वविद्यालयका विद्वानहरूले समेत सह्राहना गरेका थिए । नेपालको कर प्रणाली सुधार तथा करदाता सेवा र जागरणको अनुभव लिनका लागि यसै वर्ष जाम्वियन राजस्व प्राधिकरणको एक टोलीले समेत नेपालको अध्ययन र अवलोकन भ्रमण गरेको थियो । त्यसैले राम्रो र उत्कृष्ट काम विश्वको कुनै कुनामा गरेपनि त्यस्को संचार विश्वभर हुन्छ । खोजी हुन्छ र राम्रो कुराहरूको अनुशरण गरिन्छ ।

अन्तराष्ट्रिय कर सम्बन्धी विषयहरूमा भने हाम्रो परिप्रेक्ष्यमा राम्ररी व्यवस्थापन गर्न सकिएको छैन । विश्वका धेरै मुलुकहरूमा अन्तर्राष्ट्रिय कर सम्वन्धी छुट्टै विभागहरू रहेका छन् भने कर सम्वन्धी सम्झौता गर्नका लागि प्राविधिक र प्रशासनिक क्षमतायुक्त बिशेष इकाइगत संरचनाहरू रहेको पाइन्छ । अन्तर्राष्ट्रिय कर सम्वन्धी विषयहरूमा दक्षता र क्षमता भएका विज्ञ बिशेषज्ञहरूको समूह नै कर प्रशासनमा राख्ने गरेको पाइन्छ । त्यस्तै अन्तर्राष्ट्रिय कानूनवेत्ताहरूले गहन बिश्लेषण गरे पश्चात् मात्र सम्झौताहरू गर्ने गरिन्छ । अहिले ओइसिडी, संयुक्त राष्ट्र संघ, सार्क आदिले दोहोरो कर मुक्ति सम्वन्धी सम्झौताका नमूनाहरू वनाएका छन । ती नमूनाहरूमा संभावित सवै प्रावधान र विषयहरू समेटिएका पनि छन् । तर पनि तीनै प्रावधानका फाइदा वेफाइदा र प्रयोगको वारेमा स्पष्ट जानकारी र ब्याख्याको खाँचो रहन्छ । त्यसैले होला अन्तर्राष्ट्रिय मुद्राकोषको नीति विश्लेषण मिसनले समेत क्षमता विकास नभएसम्म दोहोरो कर मुक्ति सम्वन्धी थप सम्झौता नगर्न उपयुक्त हुने सुझाव दिएको छ ।

दोहोरो कर मुक्ति सम्वन्धी सम्झौताहरू खास गरी घनिष्ठ आर्थिक कृयाकलाप र आर्थिक गतिविधिको आदान प्रदान हुने देशहरू बीच गरिन्छ । यो विदेशी लगानी भित्रयाउँदा लगानीकर्ताहरूलाई प्रोत्साहन गर्ने वा दुरुत्साहन गर्ने माध्यम पनि हो । हामीले हालसम्म दश वटा मुलकसँग दोहोरो कर मुक्ति सम्बन्धी सम्झौता गरेको छौ । दोहोरो करमुक्ति सम्झौता भएका दश वटा मुलुकहरुमा, भारत, चीन, कोरिया, मरिसस, नर्वे, अष्ट्रिया, पाकिस्तान, कतार, श्रीलंका र थाइलैण्ड पर्दछन् । जोसँग सम्झौता गरियो त्यसको पूर्ण उपयोग भएको छ वा छैन भन्नेमा पनि हामीले विश्लेषण गर्नुपर्ने बेला भएको छ । यसै सन्दर्भमा २२ र २३ मे २०१३ मा **SAARC, Limited Multilateral Mutual Administrative Assistance of Competent Authorities** को दोस्रो चरणको बैठक काठमाडौंस्थित सार्क सचिवालयमा सम्पन्न भएको थियो । बंगलादेश, मलेसिया, ब्राजिल र क्यानडासँग सम्झौताको प्रकृयामा रहेको हुँदा ती मुलुकहरुसँग पनि सम्झौताको टुंगो लगाउनु पर्ने महसुश गरिएको छ । मुलुकहरू बीच कर सम्वन्धी सम्झौताका विभिन्न मोडेलहरू छन् । जसमध्ये **UN Model, OECD Model, SAARC Model, US Model** र **Netherlands Model** प्रमुख रुपमा रहेका छन् । तर यस्तो सम्झौता गर्न नसकिएका अवस्थामा मुलुकहरूबीच **Multilateral Convention on Mutual Assistance in Tax Matters (MCMATM)** र **Tax Information Exchange Agreement (TIEAS)** गर्ने गरिन्छ । यस्ता सम्झौताहरूवाट पनि कर संकलन गर्न र अन्य सूचना आदान प्रदान गर्न सहयोग मिल्दछ । जुन मुलुकसँग दोहोरो कर मुक्ति सम्वन्धी सम्झौता गरिएको हुँदैन ती मुलुकहरूसँग यस्ता अन्य सूचना आदान-प्रदानका सम्झौता गर्न सकिन्छ । अहिलेको विश्वव्यापीकरणको सन्दर्भमा मुलुकहरूवीच कर सम्वन्धी सम्झौता भएमा मात्र बृहत रूपमा सूचना आदान-प्रदान गर्न सकिने, कर छली नियन्त्रण तथा कर असुलीमा सहयोग र विदेशी लगानी तथा मूल्य हस्तान्तरणका विषयमा सम्वोधन गर्न सकिन्छ । हामीले कर प्रशासनको क्षमता विकास गर्दै संभावित सवै आर्थिक क्रियाकलाप आदान प्रदान हुने मुलुकहरूसँग यस्ता सम्झौता गर्ने प्रयास गर्नु पर्दछ ।

**टंकमणि शर्मा**
**महानिर्देशक**


कारोवारको यथार्थ लेखा राखी पारदर्शी बनौं ।



आन्तरिक राजस्व कार्यालय धरान निरीक्षणका क्रममा माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइराला, अर्थसचिव श्री शान्तराज सुवेदीलगायत अन्य पदाधिकारीहरू

# कार्यालय निरीक्षण तथा अनुगमन

जेठ ६ गते सोमवारका दिन माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइरालाले आन्तरिक राजस्व कार्यालय धरानको निरीक्षण गर्नु भयो सो अवसरमा अर्थ मन्त्री श्री कोईरालाले सूचना प्रविधिको प्रयोग वढाई कागजको प्रयोग घटाउन तथा नैतिकता र सदाचारको ख्याल गरेर आफू भन्दा माथिल्ला निकाय विभाग र मन्त्रालयको इज्जत बढाउन निर्देशन दिनु भएको थियो । कार्यालयको समग्र प्रगतिस्तर सन्तोषजनक रहेकोमा धन्यवाद दिदैं आगामी दिनमा समेत यसलाई निरन्तरता दिन समेत निर्देश गर्नु भएको थियो । सो अवसरमा अर्थ सचिव श्री शान्तराज सुवेदीले कर परीक्षण गर्दा संख्यामा मात्र ध्यान नदिई माग रकम र गुणात्मकताको स्तरमा समेत ध्यान दिन, **Field Audit** मा जोड दिन, TDS गरेर दाखिला नगर्ने प्रवृति न्यूनिकरण गर्न विशेष ध्यान दिन निर्देशन दिनुभएको थियो । अर्थ सचिव श्री सुवेदीले राम्रो कामको मूल्याङ्कन हुने तथा नराम्रो काम गर्नेलाई संरक्षण नगरिने कुरा बताउँदै कार्यालयमा समन्वयात्मक तरिकाले काम गर्न आग्रह गर्नुभएको थियो । अर्थ मन्त्रालय राजस्व महाशाखा प्रमुख सहसचिव श्री राजन खनालले कोशी वाँध परियोजनासँग सम्वन्धित भारतवाट आउनु पर्ने मू.अ.कर रकमको सम्वन्धमा जलश्रोतसम्वन्धी नेपाल भारत बैठकमा पनि कुरा उठाउनु पर्ने अवस्था तर्फ संकेत गर्नु भएको थियो । सो अवसरमा प्रमुख कर अधिकृत श्री तुलसीराम सेढाईले वैशाख महिनासम्मको समग्र परिसूचकहरूको समिक्षा गर्दै कार्यालयबाट सम्पादित उल्लेखनीय कार्यहरूको समेटिएको कार्यपत्र प्रस्तुती गर्नुका साथै अनुभूत समस्याहरूको समाधानका लागि केन्द्रिय तहवाट सम्वोधन गरिनुपर्ने विषयहरू माथि प्रकाश पार्नुभएको थियो ।

कार्यालय अनुगमन कै क्रममा माननीय अर्थमन्त्री श्री शंकर कोइराला, अर्थ सचिव श्री शान्तराज सुवेदी, आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राममणि दुवाडी सहितको टोलीबाट आन्तरिक राजस्व कार्यालय, नेपालगंजको जेठ १३ का दिन निरिक्षण गरि राजस्व असुलीमा अझ बढी प्रयास गर्न, वेरुजु फछ्र्यौट तर्फ जोड दिन, मु.अ.कर र आयकर तर्फका **Nonfiller** घटाउन, गुट्खा, सुर्ती उद्योगको उत्पादनमा स्टीकर लगाउने तर्फ

बाँकी ४ पेजमा....

पेज १ बाट जारी....

विकास क्षेत्रका क्षेत्रीय प्रशासक श्री सुमन शर्माले नवनिर्मित अत्याधुनिक भवनले सेवा प्रवाहमा सुधार हुने र राजस्व संकलन वृद्धि गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको थियो । महानिर्देशक श्री शर्माको शभापतित्वमा सम्पन्न उक्त समुद्घाटन समारोहमा आन्तरिक राजस्व कार्यालय पोखराका प्रमुख कर अधिकृत श्री लक्ष्मणवहादुर वस्नेतले स्वागत मन्तव्य सहित कार्यालयको वारेमा छोटो प्रस्तृती प्रस्तुत गर्नुभएको थियो । उक्त समारोहमा पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष श्री संजिवबहादुर कोईराला र वागलुङ उद्योग वाणिज्य संघका अध्यक्ष श्री वसन्तराज श्रेष्ठले शुभकामना व्यक्त गर्नुभएको थियो ।

समुद्घाटन समारोहमा अर्थ मन्त्रालयका सहसचिव श्री राजन खनाल, सम्पत्ती शुद्धिकरण निवारण विभागका महानिर्देशक श्री सूर्य आचार्य, पोखरास्थित सरकारी कार्यालयका कार्यालय प्रमुखहरू, सुरक्षा निकायहरूका प्रमुखहरू, अर्थ मन्त्रालय र अर्न्तगतका विभागहरूका उच्च पदस्थ कर्मचारीहरू, उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष श्री आनन्दराज मुल्मी, उद्योग वाणिज्य महासंघका राजस्व सल्लाहाकार एवं राजस्व परामर्श समितिका सदस्य श्री जगदीश राठी, आन्तरिक राजस्व कार्यालय पोखराको कार्यक्षेत्र भित्र पर्ने सम्पूर्ण जिल्लाहरूका उद्योग वाणिज्य संघका अध्यक्ष एवं प्रतिनिधिहरू, अन्य वस्तुगत संघ संगठनका प्रतिनिधिहरू, पोखरा क्षेत्रका उद्यमी व्यवसायीहरू, पत्रकार लगायतका महानुभावहरूको समेत उपस्थिति रहेको थियो ।

यसैगरी माननिय अर्थ, उद्योग र वाणिज्य तथा आपूर्ति मन्त्री श्री शंकरप्रसाद कोइरालाले आन्तरिक राजस्व कार्यालय भैरहवाको नवनिर्मित भवनको जेठ १५ गते अर्को एक समारोहका बीच रिवन काटी तथा ताम्रपत्र अनावरण गरी समुद्घाटन गर्नुभयो । भवन उद्घाटन पछि मन्तव्य राख्दै माननीय अर्थमन्त्री कोइरालाले आर्थिक वर्ष २०७०/७१ को बजेट राजनीतिक प्रकृतिको पपुलिष्ट नभई विकासका मूलभुत एजेन्डामा केन्द्रित रहने स्पष्ट पार्नुभयो । 'बजेट वितरणमुखि पनि हुँदैन,' उहाँले भन्नुभयो 'बरु लगानीमैत्री वातावरण बन्न सहयोग पुग्ने बजेट आउँछ ।' माननीय अर्थमन्त्री श्री कोईरालाले 'आगामी आ.व.मा कम्तिमा ६ प्रतिशत



भैरहवामा नव निर्मित भवनको उद्घाटन र सम्वोधन गर्नुहुँदै माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइराला र कार्यक्रममा उपस्थित पदाधिकारीहरू





पोखरामा भवनको समुद्घाटनपछि सामूहिक तस्वीर खिचाउँदै अर्थमन्त्री कोइरालालगायत अन्य पदाधिकारीहरू

आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखेर बजेट निर्माण भइरहेको बताउनुभयो ।' आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राममणी दुवाडीको सभापतित्वमा सम्पन्न उक्त उद्घाटन समारोहमा अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखाका प्रमुख श्री राजन खनाल, सिद्धार्थनगर उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष श्री ऋषिकेष अग्रवाल, उद्योग वाणिज्य संघ नवलपरासीका अध्यक्ष श्री वैजनाथ जैसवाल, रूपन्देही उद्योग संघका श्री टंक पोखरेल, नेपाल मदिरा उत्पादक संघका श्री रवि के.सी. लगायतले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो । आन्तरिक राजस्व कार्यालय, भैरहवाका प्रमुख कर अधिकृत श्री जनकराज शर्माले स्वागत मन्तव्य राख्दै नयाँ भवन रु. २ करोड ४० लाख ४३ हजार लागतमा निर्माण भएको र यसमा साना ठूला गरी १८ कोठा रहेको तथा यस भवनबाट सेवाग्राहीलाई थप सेवा पुग्ने एवं कार्यरत कर्मचारीहरूलाई सहज र उपयुक्त कार्य वातावरण उपलब्ध भएको व्यहोरा जानकारी गराउनु भएको सो समारोहमा उद्योगी, व्यवसायी, नागरिक समाज, पत्रकार, पेशागत संघसंस्था, जिल्ला स्थित सरकारी कार्यालयका कार्यालय प्रमुख लगायत विभिन्न क्षेत्र र तप्काका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो ।

३ पेजको बाँकी..

ध्यानदिने लगायतका विषयमा निर्देशन प्रदान गर्नुभएको थियो । त्यसैगरी माननीय अर्थमन्त्री श्री कोईरालाबाट आन्तरिक राजस्व कार्यालय, भैरहवा, बुटवल, भैरहवा भन्सार कार्यालय, राजस्व अनुसन्धान, पश्चिमाञ्चल इकाई कार्यालय बुटवलका राष्ट्र सेवक कर्मचारीहरूलाई आन्तरिक राजस्व कर्यालय भैरहवाको सभाकक्षमा निर्देशन दिदै करदातालाई अधिकतम सेवा प्रदान गरी राजस्व संकलनको लक्ष्य प्राप्तिका लागि सदाचारितालाई आत्मसात गर्दै अगाडि बढ्न निर्देशन दिनुका साथै विभिन्न कार्यालयहरूको कार्य प्रगतिको प्रशंसा गर्नु भएको थियो ।

त्यसैगरी वैशाख १९ देखि २३ गतेसम्म आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माबाट काठमाडौं उपत्यकास्थित करदाता सेवा कार्यालयहरूको अनुगमन तथा निरीक्षण गरि निम्नानुसारको निर्देशन दिनुभएको थियो :

### १. राजस्व सम्वन्धमा

- ❖ संकलन अनिवार्य रूपमा पुऱ्याउने । सवै शिर्षकमा कम्तिमा २० प्रतिशतको वृद्धिदर कायम गर्न प्रयास गर्ने ।

### २. Non-Filer को सम्वन्धमा

- ❖ यस आ.व.मा मूल्य अभिबृद्धि कर र आय करको **Non filer** कम्तिमा १० प्रतिशतले घटाउने र २०७१ आषाढ मसान्तसम्ममा मूल्य अभिबृद्धि करको **Non Filer** ९ प्रतिशतमा झार्ने गरि कार्य गर्ने ।
- ❖ मूल्य अभिबृद्धि करको वृद्धिदर कम्तिमा २० प्रतिशत गर्ने र आय करको सम्वन्धमा बृद्धिदर कम्तिमा २५ प्रतिशत गर्ने ।

### ३. घर वहाल कर सम्वन्धमा:

- ❖ घर बहालको **Mapping** गरि पुस्तिकाको वितरण तथा करमा दर्तालाई थप प्रभावकारी बनाउने । घर बहाल करको अघिल्लो वर्षको बृद्धिदर ३३ प्रतिशत रहेको सन्दर्भमा यस वर्षको बृद्धिदर कम्तिमा ४३ प्रतिशत पुऱ्याउने ।
- ❖ घर बहाल कर तिर्न पटक पटक अनुरोध गर्दा समेत अटेर गर्ने केही ठूला प्रकृतिका करदाताहरूको छनौट गरी **Demonstration effect** पर्नेगरी तत्काल कारबाही प्रक्रिया अगाडी बढाउने ।

### ४. बजार अनुगमन सम्वन्धमा

- ❖ एकिकृत बजार अनुगमनलाई थप प्रभावकारी बनाइ बिल बिजक जारी गराउने कार्यलाई थप प्रभावकारी बनाउने ।
- ❖ दफा २३ अनुसार **Business Suspense** गर्नेसम्मको कारवाही तत्काल अगाडि बढाउने ।
- ❖ बजार अनुगमनको क्रममा पटक पटक कर कानुनको पालन गर्न अनुरोध गर्दा पनि अटेर गर्ने अटेरी करदाताको सूची तयार गरि सम्बन्धित आन्तरिक राजस्व कार्यालय तथा यस विभागमा एक हप्ता भित्र पठाउने ।

### ५. TDS सम्वन्धमा:

- ❖ विद्यालय, कलेज, हस्पिटल तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूको **TDS** अनुगमनलाई थप प्रभावकारी तुल्याउने ।
- ❖ **Zero Return, Credit Return** र **Debit Return** बुझाउने करदाताहरूको हरेक महिना विश्लेषण गर्ने र **Zero Return** र **Credit Return** बुझाउने करदाताहरूलाई विषेश निगरानीमा राख्ने ।

### ६. अन्तशुल्क सम्वन्धमा:

- ❖ बजार अनुगमनमा जाँदा मदिराजन्य र गैर मदिराजन्य बस्तुहरूको कारोबार एकै स्थानबाट भए नभएको सम्बन्धमा विशेष रूपमा अनुगमन गर्ने र घरेलु मदिराको उत्पादन तथा वितरणलाई कडाइका साथ नियन्त्रण गर्ने ।

### ७. दर्ता सम्वन्धमा:

- ❖ मूल्य अभिबृद्धि करमा दर्ता गर्दा स्थलगत भ्रमण गरेर मात्रगर्ने। **Import - Export** को मूल्य अभिबृद्धि करमा दर्ता गर्दा विशेष ध्यान दिने। दर्ता गर्दा ठेगाना प्रष्ट रूपमा उल्लेख गर्ने।
- ❖ आफ्नो एरियामा रहेका सम्पूर्ण पसलहरू दर्ता हुनु पर्ने ।

### ८. अन्य

- ❖ कार्यालयहरूबाट चिठ्ठीहरू चलानी गर्दा ऐनको दफा समेत खोलेर स्पष्ट हुने गरि चलानी गर्ने । कानुनको प्रतिकूल हुनेगरी कार्यालयले चिठीहरू नकाट्ने ।
- ❖ कुनै करदाता विगतदेखि कारोवार गरेर हालमात्र करमा दर्ता हुन आएको अवस्थामा कारोवार सुरु गर्दा कै अवस्थादेखि कर असुल गरेर मात्र दर्ता गर्ने ।
- ❖ उपभोक्ता संघ संस्थाहरूलाई समेत करदाता शिक्षा प्रदान गर्ने ।


विभागले आफ् अन्तर्गतका आन्तरिक राजस्व कार्यालयहरूमा गर्ने नियमित कार्यगत अनुगमन अन्तर्गत बैशाख र जेठ महिनामा ठूला करदाता कार्यालय, हरिहरभवन, आन्तरिक राजस्व कार्यालयहरू, कृष्णनगर, दाङ, नेपालगञ्ज, धनगढी, महेन्द्रनगर, भरतपुर, ललितपुर, पोखरा तथा करदाता सेवा कार्यालयहरू चाबाहिल र पुतलिसडकको समग्र अनुगमन गर्नेकार्य सम्पन्न भएको छ ।



करदाता सेवा कार्यालय कालिमाटी (माथि) र टंगाल (तल) निरीक्षण भ्रमणका क्रममा महानिर्देशक लगायत अन्य कर्मचारीहरू

# कर तिरी राष्ट्रलाई आत्मनिर्भर बनाउन आग्रह

नेपाल सरकार अर्थमन्त्रालयका प्रमुख आर्थिक सल्लाहकार श्री चिरञ्जिवी नेपालले जेठ १० गते आन्तरिक राजस्व विभागले वैदेशिक रोजगार व्यवसायीहरूसँग सञ्चालन गरेको अन्तरक्रिया एवं अनुशिक्षण कार्यक्रममा मन्तव्य राख्नुहुँदै कर तिरेर देश विकासका लागि योगदान गर्न र गरिव सरकारलाई धनी बनाउन आग्रह गर्नुभयो। विप्रेषणको रकम कुनै पनि बेला घट्न सक्ने र दिगो समेत नरहने तर्फ सचेत गराउदै श्री नेपालले झण्डै ४ खर्ब तथा विश्वको छैंटौ ठूलो विप्रेषण भित्र्याउने मुलुकका व्यवसायीहरूले झण्डै ७ करोड मात्र कर तिरिरहनु उपयुक्त एवं विश्वास गर्न लायकको नभएको धारणा राख्नुभएको थियो। सोही क्रममा प्रमुख आर्थिक सल्लाहकार श्री नेपालले कर तिरेको खण्डमा मात्र आफूले व्यवसायीहरूको पक्षमा वकालत गर्ने धारणा व्यक्त गर्नुभयो। कर भनेपछि सवै व्यक्तिहरू डराउँछन् र संसारमा धेरै धनी व्यक्तिहरूले समेत कर छली गर्ने गर्छन् भन्दै श्री नेपालले आन्तरिक राजस्व विभाग करदाता शिक्षा र करदाता सेवाको सन्दर्भमा एशियामै नमुनाका रूपमा स्थापित भएको भन्दै यस्ता कार्यक्रमहरूको निरन्तरताको लागि शुभकामना व्यक्त गर्नुभयो। सो कार्यक्रममा मन्तव्य राख्नुहुँदै अर्थमन्त्रालय राजस्व महाशाखा प्रमुख श्री राजन खनालले यस्ता कार्यक्रमहरूको आयोजनाबाट दुई पक्षहरूका बीचमा रहेको मतभेदहरू कम गर्न र अन्य कर सम्बन्धी समस्याहरू भए समाधान गर्न सहयोग पुग्ने धारणा व्यक्त गर्नुभएको थियो। सर्वप्रथम प्रकृया सरलीकरण गर्ने र त्यसपछि मात्र कानुनको बलपूर्वक कार्यान्वयन गर्ने राजस्व प्रशासनको नीति माथि प्रकाश पार्दै श्री खनालले वैदेशिक रोजगारीसँग सम्बन्धित व्यवसायीहरूलाई आफ्नो कारोवार पारदर्शी वनाउन आग्रह गर्नुभएको थियो। हाल स्रोत नखुलेको आय सम्पत्ति शुद्धिकरणको दायरामा आईरहेको तर्फ संकेत गर्दै श्री खनालले समयमानै कर तिरेर आफ्नो आयलाई बैध वनाउन समेत आग्रह गर्नुभयो। **Dutch Disease Syndrome** तर्फ संकेत गर्दै श्री खनालले विप्रेशनबाट प्राप्त आयलाई उत्पादनशील क्षेत्र तर्फ लगानि गर्ने बारेमा समेत व्यवसायीहरूका ध्यानाकर्षण गर्नुभएको थियो।



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अर्थमन्त्रालयका सहसचिव श्री राजन खनाल र आन्तरिक राजश्व विभागका महानिर्देशक श्री टंकमणि शर्माका साथमा जाम्वीयन प्रतिनिधिहरू


कार्यक्रममा उपस्थित वैदेशिक रोजगार व्यवसायीहरू


कार्यक्रममा उपस्थित विभागका उपमहानिर्देशकहरु लगायत अन्य सहभागीहरु

सो कार्यक्रमको सभापतित्व गर्नु भएका आन्तरिक राजश्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले यस आर्थिक वर्षमा १००० वटा करदाता शिक्षा कार्यक्रमहरू सञ्चालन गर्ने योजना रहेकोमा हालसम्म ८५० कार्यक्रम सञ्चालन भइसकेको धारणा व्यक्त गर्दै हाम्रो देशको अर्थतन्त्रमा छिटोछिटो संरचनागत परिवर्तन हुँदै केही दशक भित्र नै धानचामल निर्यात गर्ने अवस्थाबाट वैदेशिक रोजगारीका लागि मानिस निर्यात गर्ने स्थानमा आईपुगेको धारणा व्यक्त गर्नुभयो। यसरी छोटो समयमा नै अर्थतन्त्रको संरचनामा परिवर्तन भएको तर जनतामा करको पालना गर्ने बानिको भने विकास हुन नसकेको सन्दर्भमा करदाताहरूलाई शिक्षित बनाउन यस्ता कार्यक्रमहरूको आयोजना गरिएको धारणा राख्दै उपस्थित सम्पूर्ण वैदेशिक रोजगार सँग सम्बन्धित करदाताहरूलाई करसँग डर होईन भर गर्न आग्रह गर्नुभयो। सो अवसरमा व्यवसायीहरूका तर्फबाट नेपाल वैदेशिक रोजगार संघका अध्यक्ष श्री बलबहादुर तामाङले यस व्यवसायको सम्भावना, समस्या तथा भावी रणनीतिका बारेमा आफ्ना धारणा राख्नुभएको थियो। सो क्रममा श्री तामाङले झण्डै तीस लाख नेपाली वैदेशिक रोजगारीमा रहेको तथ्याङ्क प्रस्तुत गर्दै यो व्यवसायले नेपालको गरिबी तथा वेरोजगारी समस्याको समाधान गर्न, आर्थिक विकास गर्न मात्र होइन अपराध न्यूनिकरण गर्न समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको धारणा राख्नुभयो। सो कार्यक्रममा विशेष अतिथिको आसनबाट आफ्ना धारणा राख्नुहुँदै जाम्बिया राजस्व प्राधिकरणको प्रतिनिधि मण्डलका प्रमुख श्री म्यायाम्बो म्याङगाले आफूहरू अन्तर्राट्रिय मुद्रा कोषको सिफारि समा करदाता सेवा सम्बन्धी राम्रो अभ्यासको अध्ययन गर्न नेपाल आएको र भ्रमणका क्रममा नेपालले यति धैरै करदाताहरूलाई व्यवस्थापन गर्न सकेको तथा प्रभावकारी रूपमा करदाता शिक्षा प्रदान गर्नसकेको देखेर साह्रै नै प्रभावित भएको धारणा व्यक्तगर्दै आफ्नो देशमा समेत यहाँ सिकेका राम्रा प्रचलनहरूको कार्यान्वयन गर्न पहल गर्ने धारणा व्यक्त गरेका थिए।

आन्तरिक राजस्व विभागका निर्देशक श्री नरसागर श्रेष्ठले सञ्चालन गर्नुभएको र उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपालले स्वागत मन्तव्य राख्नुभएको सो कार्यक्रममा उपमहानिर्देशक श्री राममणि दुवाडी, वैदेशिक राजगार व्यवसायी संघका महासचिव र वैदेशिक रोजगार विभागका प्रतिनिधिहरूले छुट्टा छुट्टै कार्यपत्रहरू प्रस्तुत गर्नुकासाथै प्रस्तुत कार्यपत्रहरू माथि बिस्तृत छलफल समेत गरिएको थियो। सो कार्यक्रममा काठमाडौं उपत्यका भित्र क्रियाशील वैदेशिक रोजगार व्यवसायीहरूका प्रतिनिधीहरू, आन्तरिक राजस्व कार्यालयमा कार्यरत प्रमुख कर प्रशासकहरू, प्रमुख कर अधिकृतहरू तथा आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरू लगायत सवै निर्देशकहरूको उपस्थिति रहेको थियो।

# आन्तरिक राजस्व कार्यालय, ललितपुर



**कुलप्रसाद चुडाल**
**प्रमुख कर अधिकृत**

**परिचय :**

यस आन्तरिक राजस्व कार्यालयको कायक्षेत्र ललितपुर जिल्ला भरी नै रहेको छ। यस जिल्लामा एउटा उपमहानगरपालिका र ४१ वटा गाविसहरू रहेका छन्। यस कार्यालय अर्न्तगत कुनै पनि सेवा कार्यालय नरहेकोले जिल्ला भरिका सेवाग्रहीहरूलाई हरिहरभवन स्थित कार्यालयबाट नै सेवा प्रवाह गरिदै आएको छ। २०७० साल बैशाख मसान्तसम्ममा यस कार्यालयको कार्यक्षेत्र अर्न्तगत २९,७९२ करदाता आयकरमा दर्ता रहेकोमा सो मध्ये ८,१४५ करदाता मु.अ.कर मा समेत दर्ता भई कारोवार गरिरहेको कार्यालयको रेकर्ड अनुसार पाईएको छ।

**राजस्व सकंलनको तुलनात्मक अवस्था:**

यस कार्यालयका राजस्व असुली गत आ.वमा कुल लक्ष्य १ अर्ब ८२ करोड रहेकोमा लक्ष्यको १२० प्रतिशत प्रगति भई ३ अर्ब २६ करोड असुली भएको थियो। चालु आ.व.को बार्षिक लक्ष्य ३ अर्ब ९२ करोड रहेकोमा २०७० बैशाख मसान्त सम्ममा ३ अर्ब ३१ करोड असुली भैसकेको छ। जुन गत बर्षको सोही अवधिको असुलीको अनुपातको २२.८९ प्रतिशतले बृद्धि हो। यो प्रगतिको अनुपातलाई आधार मान्दा यस आ.व.को बार्षिक लक्ष्य समेत पुरा हुने संकेत देखिएको छ भने विगत २ बर्षमा १ अर्ब ५० करोड थप राजस्व असुली भएको पाईएको छ। यसरी राजस्व असुली बृद्धि हुनुमा नियमित रूपमा बजार अनुगमन, व्यापक मात्रामा करदाता शिक्षा, ठूलो मात्रामा बक्यौता राख्ने करदातालाई कार्यालबाट नियमति रूपमा ताकेता तथा कानुनी कारवाही गरी बक्यौता असुली गर्नु, कार्यालयबाट उपलब्ध गराईने सेवामा बक्यौतालाई **Link** गर्नु, राजस्व छली गर्ने करदाताहरूको गुणात्मक करपरीक्षण तथा अनुसन्धान गर्नु र गत आ.व.मा धेरै अग्रिम कर कट्टि गर्ने करदाताहरूको नियमित निगरानी गर्ने जस्ता प्रयासहरूबाट राजस्व संकलनमा प्रगति हासिल भएको हो।

**कार्यात्मक लक्ष्यको प्रगति:**

गत आ.वमा यो आन्तरिक राजस्व कार्यालय नेपाल राज्य भरका २२ वटा आन्तरिक राजस्व कार्यालय र १३ वटा सेवा कार्यालय मध्ये सर्वप्रथम भई उत्कृष्ट कार्यालयको रूपमा प्रमाणपत्र प्राप्त गरेको थियो। चालु आ.व.को बैशाख सम्मको **Functional Indicators** अनुसार यो कार्यालयको **Grading A** मा नै रहेको छ। आन्तरिक राजस्व विभागको समग्र मु.अ.कर असुली गत बर्षको तुलनामा ९ प्रतिशत बृद्धि रहेकोमा यस कार्यालयको मु.अ.कर असुली भने गत आ.व.को तुलनामा २२ प्रतिशत रहेको छ। साथै नयाँ करदाता दर्तासंख्या गत आ.व.मा भन्दा बृद्धि भएको, **Personel e-pan** मिति २०७० बैशाख मसान्तसम्म ४१८७ जनालाई वितरण गरिएको, बेरुजु फर्छ्यौट ७७.४४ प्रतिशत सम्पन्न भएको, मु.अ.कर तर्फको **Non Filler Single Digit** मा रहेको, आयकर तर्फको **Filling** समेत ५५ प्रतिशतको हाराहरीमा रहेको छ भने करपरीक्षण तथा अनुसन्धान, **TDs** को परीक्षण, चालु आ.वको करपरीक्षण लगायतका **Indicator** हरूको कार्यसम्पादन प्रगति समेत उत्कृष्ट रहेको छ।

**करदाता शिक्षा :**

करदातालाई करसम्बन्धि प्रकृियाहरूको परिपालनाको लागि सक्षम बनाई **Tax compliance** बढाउन करदाताशिक्षा करप्रशासनको महत्वपूर्ण **Tools** हो। तसर्थ यस कार्यालयबाट करदाता शिक्षालाई प्राथमिकता दिई कार्य गरिदै आएको छ। जसअनुसार चालु आ.व.मा २०७० बैशाख मसान्तसम्म ३७ वटा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरियो। जिल्ला उद्योग बाणिज्य संघ, विभिन्न वस्तुगत संघहरू, स्कुल कलेजहरू र अन्य संस्थाहरूसँग सहकार्य गरि करदाता शिक्षाको कार्यक्रम सञ्चालन गरिएकोमा सो कार्यक्रममा सहभागिहरूको उत्साहजनक उपस्थिति भएकोले यसबाट करदातामा सकरात्मक सन्देश प्रवाह भई आफनो दायित्व प्रति करदाता स्वयं सजग हुँदै गएको कारण करदातामा करको परिपालनाका स्तर बढेको हुँदा **Nonfiller Single Disit** मा रहेको छ भने मु.अ.करमा गत आ.व. भन्दा २२ प्रतिशत राजस्व असुली बृद्धि भएको पाईएको छ। साथै बक्यौता तथा बेरुजुको अंक घट्दै गएको, दर्ता हुने करदाताको सख्या बढ्दै गएको र अन्य **Functional Indicators** मा समेत सकारात्मक प्रभाव परेको छ।

**Non Filler घटाउन गरिएको प्रयासहरू :**

मु.अ.कर तर्फ दर्ता भएका करदाताले चौमासिक, द्वैमासिक र मासिक रूपमा कर विवरण कार्यालयमा पेश गर्नु पर्दछ। यसरी करविवरण पेश गर्ने करदाताहरू चालु आ.व.मा अन्य कार्यालयहरूमा **Double Digit** रहेको अवस्थामा यस कार्यालयमा भने **Single Digit** मा रहको छ। करविवरण पेश गर्ने करदाताको स्थितिलाई **Single Digit** मा ल्याउनुमा कार्यालयबाट नियमित रूपमा निम्न प्रयासहरू गरिएकोले यो संभव भएको हो।

- दर्ता भएको अवस्थामा नै करदतालाई आयकर तथा मु.अ.कर को सम्बन्धमा मौखिक जानकारी गराईएको र सो सम्बन्धि ब्रोसियर समेत वितरण गर्ने गरिएको छ।
- प्रत्येक महिना समाप्त भएपछि **Non Filler List** निकाली **Non Filler** मा रहेका करदाताहरूलाई सम्पर्क गरि विवरण पेश गर्न लगाउने गरिएको छ। यसका लागि एक कर्मचारीलाई **Special** रूपमा जिम्मेवार बनाईएको छ।
- करदातालाई सम्पर्क गर्नको लागि दर्ता भएका करदाताहरूको नाम ठेगाना मोवाईल न. र सम्पर्क व्यक्ति समेतको सूचनाहरू संकलन गरि करदाताको रेकर्ड अद्यावधिक गरिएको छ।
- दर्ता भएका नयाँ करदताहरूको कारोवारको अवस्था, कर सम्वन्धि प्रकृयाहरू पालना गरे, नगरेको सम्बन्धमा दर्ता भएको करिब १ महिना पछाडी मैत्रिपूर्ण भ्रमण गरी कर विवरण पेश गर्ने प्रकृयाको सम्बन्धमा करदाताको कारोवारस्थलमा नै जानकारी दिने गरिएको छ।
- मु.अ.करमा दर्ता भएका सबै करदातालाई **E System** बाट करविवरण पेश गरी आफै **Veyify** गर्ने गरेकाले करदातालाई कर विवरण पेश गर्न सहज भएको हुंदा करदाताको **Compliance** बढेको छ।

**करको दायरा बढाउन गरिएका प्रयासहरू :**

कारोवार सञ्चालन गरिरहेका तर करको दायरामा नआएका (स्था.लेन.न नलिएका) करदाताहरूलाई करको दायरामा ल्याउन र कर छलि हुने भनि तोकिएका उच्च जोखिमका क्षेत्रहरूमा कर छल्ने प्रबृत्तिलाई नियन्त्रण गर्न सघन बजार अनुगमन गर्ने गरिएको छ। यस कार्यको लागि कार्यालयबाट नियमित रूपमा टोली परिचालित भएको छ भने उद्योग बाणिज्य संघ, वस्तुगत संघहरूसँग समन्वय गरी व्यापक रूपमा करदाता शिक्षा कार्याक्रमहरू, गोष्ठि अन्तर्क्रिया कार्यक्रमहरू सञ्चालन गरिएको छ। साथै स्थानिय निकायहरूसँग समन्वय राखी स्था.ले.न. नलिएका करदाताहरूलाई करको दायरामा ल्याइएको छ। अनिवार्य रूपमा मु.अ.कर मा दर्ता गर्नु पर्ने भनि ऐनमा तोकिएको तर आयकरमा मात्र दर्ता भई नगरपालिका क्षेत्र भित्र कारोवार सञ्चालन गरिरहेका करदाता र वार्षिक २० लाख भन्दा बढि कारोवार भएका

बाँकी ७ पेजमा....



कुनै पनि कारोवार गर्नु अगाडि स्थायी लेखा नम्बर प्यान लिन नबिर्सौं।

**आन्तरिक....**

करदाताहरूलाई **Forced** गरि मु.अ.करमा समेत दर्ता गर्ने गरिएको छ ।

**करपरीक्षण तथा अनुसन्धान सम्बन्धमा :**

राजस्व छलिलाई नियन्त्रण गर्न कार्यलयले करपरीक्षण तथा अनुसन्धान प्रकृयालाई प्रभावकारी बनाउन राजस्व जोखिम र सूचनामा आधारित अनुसन्धान प्रकृयालाई उच्च महत्व दिएको छ । चालु आ.व.मा १५२ करदाताको पूर्ण करपरीक्षण र २९ करदताको छानविन तथा अनुसन्धान गरि आयकर तर्फ ८ करोड ८३ लाख २६ हजार, मु.अ.कर ४ करोड १० लाख ६९ हजार करनिर्धारण गरिएको र १९ करोड पैतालिस लाख ६९ हजार **Loss Recovery** गरिएको छ । साथै अग्रिम कर परीक्षण तर्फ **TDS Audit** गरि १ करोड ३० लाख ६ हजार र **Current Year Audit** तर्फ रु. १ करोड १ लाख १३ हजार चालु आ.वमा करनिर्धारण गरि माग गरिएको छ । यसबाट करदतामा करछली तथा चुहावट गर्ने प्रबृत्तिमा सजगता आई चालु आ.व.को राजस्व असुलीमा समेत सकारात्मक प्रभाव परेको छ ।

**बेरूजु सम्बन्धमा :**

यस कार्यालयलमा बेरुजुको अंक ठूलो भएकोले गत आ.व.देखि नै बेरुजुलाई उच्च प्राथामिकतामा राखी कार्य गर्दै आएको र बेरुजु फर्छ्यौटको क्रममा करदाताको बेरुजुको प्रकृति अध्ययन गरी प्रमाण र जवाफबाट फर्छ्यौट हुने बेरुजुलाई प्रमाण संकलन गरी प्रतिक्रिया सहित म.ले.प कार्यलयमा फर्छ्यौटको लागि पठाइएको छ भने प्रमाण तथा प्रतिक्रियाबाट फर्छ्यौट नहुने प्रकृतिको बेरुजुहरूलाई कार्यालयबाट नै करनिर्धारण गरि माग गरिएको छ । यस कार्यालयमा गत आ.व.मा ८ करोड ५८ लाख ६ हजार कुल बेरुजु भएकोमा ६ करोड ८६ लाख २१ हजार अर्थात लक्ष्यको ७९.९७ प्रतिशत बेरुजु फर्छ्यौट भएको थियो भने चालु आ.व.मा समेत बेरुजु फर्टयौटलाई उच्च प्राथमिकता दिई कार्य गरिएकोले २०७० बैशाख मसान्त सम्ममा ३ करोड ९४ लाख ८६ हजार बेरुजु फर्छ्यौट भएको छ जुन चालु आ.व.को कुल बेरुजुको ७७.४४ प्रतिशत हो ।

**कार्यालय प्रमुखको भनाई :**

यस कार्यालयले करदाता प्रतिको जिम्मेवारी र दायित्वलाई प्राथामिकताका साथ निर्वाह गर्नु पर्दछ भन्ने मान्यतालाई कर्तव्यबोध गर्दै प्रभावकारी सरल र सहज तवरले सेवा उपलब्ध गराउने प्रयास गरेको छ । सूचना प्रविधि मैत्री सेवा बाट मात्र करदाताले प्रभावकारी तथा स्तरीय सेवा प्राप्त गर्ने आधुनिक करप्रशासनको मान्यता रहेकोले करदाता दर्ता भएदेखि नै यसका बिधि र प्रक्रियाहरू प्रति सजग र जानकार हुनु पर्दछ । त्यसैले नयाँ दर्ता भएका करदाताहरूलाई नियमित तवरले करदाताले पालना गर्नु पर्ने कर सम्बन्धि प्रकृया, करविवरण पेश गर्ने तरिका, राजस्व दाखिला गर्नु पर्ने कुराहरूको बारेमा करदाता शिक्षा तथा कार्यालयको करदाता सेवा शाखाबाट नियमित रूपमा जानकारी गराई करदातालाई समेत सूचनामैत्री बनाउने प्रयास गरिएको छ । करमा दर्ता हुन भनेको आफनो कारोवारलाई बैधानिकता प्रदान गर्नु र राज्य प्रतिको असल नागरिकको दायित्व समेत पुरा गर्नु भएकोले म यस कार्यालय अर्न्तगतका सम्पूर्ण व्यवासायी मित्रहरूलाई कारोवार गर्नु भन्दा अगाडी आयकरमा दर्ता भई निर्धक्कसँग कारोवार सञ्चालन गर्नु हुन अनुरोध गर्दछु र दर्ता भएका करदाताहरूलाई नियमति रूपमा आफनो करप्रतिको दायित्व निर्वाह गर्नु हुन साथै उद्योग वाणिज्य संघ, बिभिन्न वस्तुगत संघहरूसँग समेत कार्यालयको यस कार्यको लागि अझ सहयोगको अपेक्षा गर्दछु । साथै सम्पूर्ण कर्मचारीहरूलाई करदातामैत्री व्यवाहार अपनाई कार्य गर्नु भएकोमा धन्यवाद दिन चाहान्छु ।

# करको होइन, व्यवसायको चिन्ता गर्ने अवस्था सिर्जना गर्न जरुरी

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले समग्र कर प्रणालीमा सुधार गरी करदाता मैत्री कर प्रणालीको माध्यमबाट व्यवसायीहरूले कर तिर्ने चिन्ता होइन आफ्नो व्यवसायको समृद्धिको चिन्ता गर्ने अवस्थाको सिर्जना गर्न आन्तरिक राजस्व विभाग क्रियाशील रहेको विचार व्यक्त गर्नुभयो । २०७० जेठ २५ गते ग्याँस वितरक संघ नेपालद्वारा आयोजित नेपालमा ग्याँस कारोवार व्यवस्थापन समस्या तथा ग्यासको कर सम्बन्धि विचार गोष्ठीलाई सम्बोधन गर्ने क्रममा महानिर्देशक शर्माले उक्त विचार व्यक्त गर्नुभएको हो । प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्नुहाुदै महानिर्देशक शर्माले विभागले चालु आर्थिक वर्षमा सञ्चालन गरेका कर शिक्षा कार्यक्रमहरूबाट समग्र वातावरण नै करमय हुनुका साथै आम नागरिकमा कर चेतनाको अभिवृद्धि हुँदै गएको बताउनुभयो । सम्बोधनका क्रममा महानिर्देशक शर्माले करदाताहरूको व्यवसायिक लागत घटाउनका लागि करदाताको कारोवारका आधारमा वर्गीकरण गरी सोही अनुरूप कर प्रणालीको विकास गर्दै लगिने कुरा जानकारी गराउनुभयो । करसँग सम्बन्धित अन्तर्क्रियाहरूबाट करदता र कर प्रशासन दुवै पक्षलाई एक अर्काका धारणा बुझ्न सहयोग पुग्ने विचार व्यक्त गर्दै महानिर्देशक शर्माले ग्याँस वितरकहरूले उठाएका जायज समस्याहरूको समाधान गर्न आन्तरिक राजस्व विभाग सधै तत्पर रहेको र त्यसको लागि व्यवसायिक संघ संस्थाहरू **Facilitator** को रूपमा अगाडि आउनु पर्ने विचार व्यक्त गर्नुभयो ।




**कार्यक्रमलाई सम्बोधन गर्दै महानिर्देशक श्री टंकमणि शर्मा**

उक्त गोष्ठिमा सभापतिको आसनबाट बोल्नुहुँदै ग्याँस वितरक संघ नेपालका अध्यक्ष चन्द्रकृष्ण श्रेष्ठले ग्याँस वितरण व्यवसाय कारोवार रकम ठूलो देखिने तर मुनाफा निकै कम हुने हुँदा मूल्य अभिवृद्धिकरको प्रावधान पालन गर्न व्यवसायीहरूलायई कठिन भैरहेको जनाउनु हुँदै व्यवसायको प्रकृतिको आधारमा मूल्य अभिवृद्धि कर छुट दिने वा थ्रेस होल्ड बढाउने तर्फ ध्यान दिन माग गर्नुभयो । साथै अध्यक्ष श्रेष्ठले ग्याँस वितरण व्यवसायीहरूको करको चेतना पर्याप्त नभएकाले **Mismatch** को समस्या आएकाले आर्थिक वर्ष ०६९।७० सम्ममा देखिएको **Mismatch** का आधारमा कारवाही नगर्न अनुरोध गर्दै आगामी वर्षदेखि यस्तो समस्या नआउने प्रतिवद्धता व्यक्त गर्नुभयो । नेपाल आयल निगमका निमित्त कार्यकारी निर्देशक श्री सुरेश अग्रवाल, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभागका उपमहानिर्देशक श्री विनोदप्रकाश सिंह, ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष श्री अजरमान जोशी, ग्यास बिक्रेता महासंघका अध्यक्ष श्री ज्ञानेश्वर अर्याल लगायतका व्यक्तिहरूले सम्बोधन गरेको उक्त कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष हिमलाल धितालले स्वागत मन्तव्य दिनुभएको थियो । सोहि कार्यक्रममा आन्तरिक राजश्व कार्यालय ललितपुरका प्रमुख कर अधिकृत श्री कूलप्रसाद चुडाल र कर अधिकृत कृष्णप्रसाद मैनालीले ग्यास वितरण व्यवसायीहरूलाई कर शिक्षा प्रदान गर्नुका साथै व्यवसायिहरूले उठाएका कर सम्बन्धि जिज्ञासाको समाधान गर्नुभएको थियो ।


अन्तः शुल्क लाग्ने वस्तु तथा सेवाको कारोवार गर्नु अगाडि अन्तःशुल्क इजाजत लिन नबिर्सौं ।

# करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न

## आन्तरिक राजस्व कार्यालय, धरान

आन्तरिक राजस्व कार्यालय धरानले करदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन विशेष रणनीतिहरू अवलम्बन गर्दै आएको छ। व्यवसायको प्रवेश विन्दूमा नै करदाता शिक्षा प्रदान गर्दा करका औपचारिकताहरू र सामान्य कर कानुनका बारेमा जानकारी हुने हुँदा आन्तरिक राजस्व कार्यालय धरान र करदाता सेवा कार्यालय, इटहरीले प्रत्येक हप्तामा स्थायी लेखा नम्बर प्राप्त गर्नेलाई अर्को हप्ताको शुक्रवार शिक्षा प्रदान गर्ने र ब्रोसर सहित **PAN Card** वितरण पर्ने कार्यक्रमको शुरुआत गरिएको छ। त्यसै गरी मू.अ.करमा दर्ता हुनेहरूलाई मू.अ.करसम्बन्धी नियमित रूपमा प्रशिक्षण दिने गरिएको छ। अहिलेसम्म ४० वटा त्यस्ता प्रशिक्षण कार्यक्रमहरू मार्फत १२०० भन्दाबढी करदाताहरूलाई करसम्बन्धी शिक्षा प्रदान गरी सकिएको छ। करदाता शिक्षा कार्यक्रमलाई अझै वृहद बनाउन **Auditors Association** को सहयोग/सहकार्यमा करदाता शिक्षा कार्यक्रम सञ्चालन योजना तयार गरिएको छ। संभावित करदाताहरूलाई **VAT** दर्ता हुनु भन्दा पहिले नै **VAT** मा दर्ता गर्दा के-कस्ता प्रक्रियाहरू पुरा गर्नु पर्दछ भन्ने बारेमा जानकारी दिएर **VAT** मा दर्ता हुन आव्हान गर्ने गरिएको छ। करदाताहरूलाई आफूले गर्ने कारोवार सम्बन्धमा सबै कुरा बुझेर व्यवसाय गर्न र नबुझेका कुरा सोझै सम्बन्धित कार्यालयमा बुझ्न अभिप्रेरित गरिएको छ। यि सबै प्रयासहरूबाट कर प्रशासनले सामान्य व्यवसायीहरूसँग पहुँच पुर्‍याउन सकेको र उनीहरूको कर प्रशासन प्रतिको अवधारणामा परिवर्तन ल्याउन केही हदसम्म सफल भएको महसुस गरिएको छ।

## आन्तरिक राजस्व कार्यालय, भद्रपुर

आन्तरिक राजस्व कार्यालय, भद्रपुरले विगत महिनाहरूमा झैं वैशाख र जेठ महिनामा पनि अन्तरर्क्रिया तथा करदाता शिक्षा कार्यक्रमहरू व्यापक रूपमा सञ्चालन गरेको छ। भद्रपुर जेसिजसँगको सहकार्यमा वैशाख महिनामा आयोजित **उद्यमशीलताको विकासमा कर सचेतनाको महत्व** विषयक एक दिवसीय प्रशिक्षण र पाँचथर तथा ताप्लेजुङमा आयोजित घुम्ती सेवाको प्रभावकारिताबाट हौसिएर यस क्षेत्रमा यस किसिमका प्रशिक्षणको माग तीव्र रूपमा बढ्न गएको छ।

वैशाख १२ र १३ गते झापाको वनियानी वजारमा प्रमुख कर अधिकृत श्री नारायण ढकालको नेतृत्वमा गएको घुम्ती टोलिले दुई दिनमा जम्मा १०० जना सहभागीहरूलाई करसम्वन्धी प्रशिक्षण दिनुका साथै करदाताहरूको जिज्ञासा पुरा गरेको थियो। त्यसैगरी वैशाख १६ गते विर्तामोडमा सुनचाँदी व्यवसायी संघसँगको सहकार्यमा आयोजना गरिएको प्रशिक्षण कार्यक्रममा प्रमुख कर अधिकृत श्री ढकाल र कर अधिकृत श्री सतेन्द्रमोहन गुरुङले दिनुभएको प्रशिक्षणबाट झापा जिल्लाका ४९ जना सुनचाँदी व्यवसायीहरू लाभान्वित भएका थिए। उक्त अवसरमा सुनचाँदी व्यावसायीहरूका जिज्ञासाहरूको जवाफ पनि दिइएको थियो। वैशाख १७ गते सुरुङा उद्योग वाणिज्य संघको मागको आधारमा आयोजना गरिएको प्रशिक्षण कार्यक्रममा कर अधिकृत श्री गुरुङले सुरुङ्गा र राजगढ क्षेत्रका ५० सहभागीलाई करसम्वन्धी प्रशिक्षण प्रदान गर्नुभएको थियो।



अन्तर्क्रिया कार्यक्रममा उपस्थित व्यवसायीहरू

जिल्ला प्रशासन कार्यालयले सञ्चालन गरेको एकीकृत घुम्ती शिविरमा आन्तरिक राजस्व कार्यालय भद्रपुर र करदाता सेवा कार्यालय दमकले पनि सक्रिय रूपमा सहभागिता जनायो। वैशाख २३ र २४ गते शनिश्चरेमा ८२ जना, जेठ ३ र ४ गते डाँगीवारीमा ६४ जना, जेठ ७ र ८ गते तोपगाछीमा ७६ जना र जेठ ११ र १२ गते महारानी झोडामा ५१ जना करदाताहरूलाई करसम्वन्धी प्रशिक्षण तथा परामर्श सेवा उपलव्ध गराइयो। साथै जेठ २१ गते कोष तथा लेखा नियन्त्रण कार्यालय, झापासँग सहकार्य गरी जिल्लाका विभिन्न कार्यालयहरूमा कार्यरत लेखा समूहका कर्मचारीहरूलाई **e-TDS, TDS,** कर विजक, भ्याट तथा प्यान दर्ता समेतका विषयमा कर अधिकृत श्री ऋषिराम अधिकारीले प्रशिक्षण दिनुभयो। सोही दिन मेचीनगर उद्योग वाणिज्य संघबाट भएको माग अनुसार धुलावारी र काँकरभिट्टाका करदाताहरूलाई लक्षित गरी कर अधिकृत श्री गुरुङले गुट्खा, खैनी लगायतका सूर्तिजन्य पदार्थमा अन्तःशुल्क टिकट लगाउनु पर्ने, विजक अनिवार्यरूपमा जारी गर्नुपर्ने र अनिवार्य रूपमा मू.अ.करमा दर्ता हुनुपर्ने वर्गमा पर्ने करदाताले कानुन उल्लंघन गरे कारवाही गरिने विषयमा केन्द्रित रही प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नुभयो।

## आन्तरिक राजस्व कार्यालय, धनगढी

आन्तरिक राजस्व कार्यालय धनगढीले गत बैशाख र जेठ महिनामा १३ वटा करदाता शिक्षा एवं अनुशिक्षण कार्यक्रमहरू सञ्चालन गरेको छ। त्यसैगरी जेठ ३, ४ र ५ गतेका दिन उद्योग वाणिज्य संघ अछाम मंगलसेनको आयोजनामा अछामको मंगलसेन, सांफेबगर तथा कमलबजारमा करदाता शिक्षा कार्यहरू सम्पन्न भएका थिए भने सोही महिनाको १५, १६ र १८ गते उद्योग वाणिज्य संघ बझाङको आयोजनामा बझाङ उद्योग वाणिज्य संघ अन्तर्गतका निर्माण व्यवसायीहरूलाई चैनपुरको तमैलमा करदाता शिक्षा प्रदान गरिएको थियो। उक्त कार्यक्रमहरूमा कर अधिकृत श्री कपिलमणी पौडेलले उपस्थित करदाता एवं व्यवसायीहरूलाई कर सम्बन्धी विविध जानकारी उपलब्ध गराउनु भएको थियो।


व्यक्तिगत आय हुनेले व्यक्तिगत स्थायी लेखा नम्बर लिऔं।

जेठ २ गते कैलाली उद्योग वाणिज्य संघ धनगढीको आयोजनामा आ.ब. २०७०/७१ को बजेट सम्बन्धी पूर्व बजेट छलफल सम्पन्न गरियो । प्रमुख कर अधिकृत श्री दुर्गादत्त भण्डारीको प्रमुख आतिथ्यमा सम्पन्न भएको सो अन्तरक्रिया कार्यक्रममा विशेष अतिथि उद्योग वाणिज्य संघका उपाध्यक्ष श्री




आन्तरिक राजस्व कार्यालय धनगढीले आयोजना गरेको करदाता शिक्षा तथा अनुशिक्षण कार्यक्रम

राजेश भण्डारी, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय सदस्य श्री गोपाल हमाल रहनु भएको थियो । प्रमुख कर अधिकृत श्री भण्डारीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । कार्यक्रममा विभिन्न व्यापार व्यवसायी, संघ संस्था, पेशाकर्मीहरूले बजेटमा केन्द्रित रही राय, सुझावहरू प्रस्तुत गरेका थिए ।

त्यसैगरी बैशाखको ७, ३० र ३१ गते क्रमश: टीकापुर उद्योग वाणिज्य संघ, हिसान तथा प्याब्सन धनगढीको र स्टेपिङ स्टोन स्कुल धनगढीमा करदाता शिक्षा प्रदान गरिएको थियो । बैशाख ७ मा आयोजित कार्यक्रममा टीकापुर नगर क्षेत्रका व्यवसायी, पेशाकर्मीहरूलाई कर सम्बन्धी विभिन्न जानकारी दिईएको थियो । सो कार्यक्रममा कर अधिकृत श्री हेमन्तराज नेउपानेले कर सम्बन्धी विबिध विषय समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा सो क्षेत्रका विभिन्न व्यवसायसँग सम्बन्धित करदाताहरूको सहभागिता रहेको थियो । त्यसैगरी बैशाख ३० मा आयोजित कार्यक्रममा प्रमुख कर अधिकृत श्री दुर्गादत्त भण्डारीले शिक्षण संस्थाका सञ्चालक, लेखापाल तथा व्यवस्थापकहरूलाई कर सम्बन्धी विविध विषयहरूका लगायत **E-TDS**, एवं शिक्षा सेवा शुल्क सम्बन्धी जानकारी दिनु भएको थियो । कैलाली जिल्ला भित्र रहेका शिक्षण संस्थाहरूलाई कर सम्बन्धी विविध विषयहरूमा जानकारी दिने उद्देश्यले आयोजना गरिएको सो कार्यक्रममा सो क्षेत्रका शिक्षाक्षेत्रसंग सम्बन्धित करदाताहरूको सहभागिता रहेको थियो । बैशाख ३१ गते आयोजित कार्यक्रममा कर अधिकृतद्वय श्री कपिलमणी पौडेल र हेमन्त राज नेउपानले स्टेपिङ स्टोन स्कुल धनगढीका शिक्षक तथा विद्यार्थिहरूलाई कर सम्बन्धी जानकारी प्रदान गर्नुभएको थियो ।

## आन्तरिक राजस्व कार्यालय, जनकपुर

जेठ २० गते जनकपुर नगरका करदाताहरूलाई लक्षित गरी आन्तरिक राजस्व कार्यालय, जनकपुरले करदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो । सो अवसरमा आयकर, मूल्य अभिवृद्धि कर, अन्तशुल्क, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा शुल्क, घरवहाल कर लगायतका विविध विषयमा जानकारी सहितको कार्यपत्र प्रमुख कर अधिकृत श्री रमेश अर्यालले प्रस्तुत गर्नुभएको थियो । सहभागी करदाताहरूले करको विवरण भर्ने तरिका, समय तथा लाग्ने कर, दण्ड जरिवाना, मालसामान आन्तरिक ओसारपोसार गर्दा राख्नुपर्ने विलविजक तथा चलान, लेखापरीक्षण तथा आर्थिक विवरण तयार गर्ने फाराम लगायत विविध विषयमा जिज्ञाशा राखेका थिए ।

त्यसैगरी आन्तरिक राजस्व कार्यालय, जनकपुर र उद्योग वाणिज्य संघ, लालवन्दी शाखाको सयुक्त आयोजनामा बैशाख २२ गते सर्लाहीको लालवन्दीमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । उद्योग वाणिज्य संघ लालवन्दीका अध्यक्ष श्री बाबुकाजी प्रधानको अध्यक्षतामा भएको उक्त कार्यक्रममा स्थानीय राजनीतिक दलका प्रतिनिधिहरू सहित सय जना भन्दा बढी उद्योगी, व्यापारी, शिक्षक, लेखापरीक्षक, पत्रकारहरूको उपस्थिति रहेको थियो । सो कार्यक्रममा प्रमुख कर अधिकृत श्री रमेश अर्यालले आयकर, मूल्य अभिवृद्धि कर, अन्तशुल्क, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा शुल्क, घरवहाल कर लगायतका विविध विषयमा जानकारी




आन्तरिक राजस्व कार्यालय जनकपुरले संचालन गरेको करदाता शिक्षा कार्यक्रम

सहितको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सहभागीहरूले सोधेका प्रश्नको जवाफ प्रमुख कर अधिकृत श्री अर्याल र कर अधिकृत श्री प्रदीप रेग्मीले दिनुभएको थियो । उद्योग वाणिज्य संघका अध्यक्ष तथा राजनीतिक दलका प्रतिनिधिहरूले कर सम्वन्धी नवुझेका कुरा करदातालाई बुझाउन करदाता शिक्षा कार्यक्रमको आयोजना गरेकोमा आन्तरिक राजस्व कार्यालयलाई धन्यवाद दिनुभएको थियो । सहभागी करदाताहरूले यस्ता कार्यक्रमवाट राजस्व प्रशासन र करदाताको सम्वन्ध सुमधुर हुने भएकाले आगामी दिनमा कार्यक्रम निरन्तर गर्न सुझाव दिएका थिए भने मूल्य अभिवृद्धि करको वर्तमान २० लाखको सीमा बृद्धि गर्न माग गरेका थिए । प्रमुख कर अधिकृत श्री अर्यालले करदातालाई कर सम्वन्धी विषयमा निरन्तर जानकारी दिने, छिटो छरितो र पारदर्शी रूपमा सेवा प्रवाह गर्ने कार्यालयको मुख्य

ध्येय भएको उल्लेख गर्दै व्यवसायिक र पेशागत मर्यादा कायम गरी कारोवार गर्न, समयमै कर एवं विवरण बुझाई शुल्क, व्याज तथा जरिवाना लाग्नवाट बच्न तथा कारोवार गर्दा बिलविजक जारी गर्न करदाताहरूलाई आग्रह गर्नुभएको थियो ।

## आन्तरिक राजस्व कार्यालय, कृष्णनगर

आन्तरिक राजस्व कार्यालय कृष्णनगरले कपिलवस्तुको ४ नम्बर र अर्घाखाँचीको सन्धिखर्कमा करदाता शिक्षा कार्यक्रमहरू सम्पन्न गरेको छ । चैत्र ८ गते कपिलवस्तु व्यापार संघको सभाहलमा सञ्चालित कार्यक्रम प्रमुख कर अधिकृत श्री जगदिश्वर उपाध्यायको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो कार्यक्रममा कर अधिकृत श्री सूर्य सुर्खालीले उपस्थित एक सय भन्दा बढि विभिन्न क्षेत्रका करदाताहरूलाई **Income Tax, VAT, Excise** आदिको **Registration to Deregistration, e-filing, Rates, Penalties** आदिको सैद्धान्तिक तथा व्यवहारिक पक्षका बारेमा प्रशिक्षण प्रदान गर्नुभएको थियो । सो अवसरमा प्रमुख कर अधिकृत श्री उपाध्यायले करदाताहरूका समस्या तथा गुनासा समाधान गर्न सधै तत्पर रहेको र करको दायरामा नआएका करदाताहरूलाई दायरामा आई कारोवार गर्न आग्रह गर्नुभएको थियो । कपिलबस्तु व्यापार संघका अध्यक्ष श्री देवीप्रसाद पाण्डे लगायतले यस किसिमका करदाता शिक्षा कार्यक्रम



करदाता शिक्षा कार्यक्रममा उपस्थित कर्मचारी तथा व्यवसायीहरू

आफुहरूलाई निकै फलदायी भएको र आगामी दिनमा समेत यस्ता कार्यक्रमले निरन्तरता पाउनुपर्नेमा जोड दिनुभएको थियो । सो अवसरमा त्यस आसपासका १८ व्यवसायीहरूलाई **PAN** वितरण समेत गरिएको थियो ।

चैत्र ११ गते अर्घाखांचीको सन्धिखर्कस्थित कर्मचारी मिलन केन्द्रको सभाहलमा सञ्चालित करदाता शिक्षा कार्यक्रममा कर अधिकृतद्वय श्री सूर्य सुर्खाली र श्री घनश्याम सुवेदीले **Income Tax, VAT, Excise, Registration to Deregistration, e-filing, Rates, Penalties** आदिको सैद्धान्तिक तथा व्यवहारिक पक्षहरूका बारेमा प्रशिक्षण प्रदान गर्नुका साथै करदाताका समस्या तथा जिज्ञासाको समाधान गर्नुभएको थियो । सो कार्यक्रममा कोष तथा लेखा नियन्त्रण कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा उद्योग वाणिज्य संघका प्रतिनिधिहरूका साथै स्थानिय पत्रकारहरूको समेत सहभागिता रहेको थियो । जिल्लाका विभिन्न रेडियो तथा टेलिभिजन मार्फत कर सम्बन्धि छलफल तथा अन्तवार्ता प्रशारण समेत गरिएको उक्त एक दिवसिय कार्यक्रममा दर्ता नभएका १६ नयाँ करदाताहरूलाई **PAN** वितरण समेत गरिएको थियो ।

## आन्तरिक राजस्व कार्यालय, नेपालगञ्ज

आन्तरिक राजस्व कार्यालय नेपालगञ्जले २०७० बैशाख २४, २७ र जेष्ठ १७, १८ गते क्रमश बाँकेको नेपालगञ्जमा बाँकेका होटल व्यवसायीहरूसँग, कोहलपुरमा कोहलपुरका होटल व्यवसायीहरूसँग तथा बर्दियाको राजापुरमा उद्योग वाणिज्य संघ राजापुरसँग र ठाकुरद्वारामा पर्यटन विकास मञ्च ठाकुरद्वारासँग मिलेर करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न गरेको थियो । उक्त अनुशिक्षण तथा अन्तरक्रिया कार्यक्रमहरूमा प्रमुख कर अधिकृत श्री जीवन बाँस्कोटाको स्वागत मन्तव्य दिनुभएको थियो भने कर अधिकृत श्री कपिलराज नेपालले आयकर, मु.अ.कर र अन्तःशुल्क तथा लेखा परिक्षक श्री मो.अब्दुल करिम खाँले कर लेखा तथा **TDS** सम्वन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कर प्रशासन एवं कर कानुनका सैद्धान्तिक एवं व्यवहारिक जिज्ञासाको समाधान प्रमुख कर अधिकृत श्री बाँस्कोटा, कर अधिकृतहरू श्री गगन शाही र श्री लुमा पन्थीले प्रस्तुत गर्नुभएको थियो । सो अवसरमा उपस्थित विभिन्न क्षेत्रका करदाता एवं व्यावसायीहरूले कर कानुनको पालना आफूले पनि गर्ने र अरुलाई पनि गर्न लगाउने प्रतिवद्धता व्यक्त गर्दै आगामी दिनहरूमा पनि यस्तै कार्यक्रमहरूको निरन्तरताका लागि सुझाव दिएका थिए ।

## करदाता सेवा कार्यालय, बत्तिसपुतली

करदाता सेवा कार्यालय बत्तिसपुतलीले आ.ब. २०६९/७० बैशाख महिनासम्ममा ३७ वटा करदाता शिक्षा कार्यक्रमहरू सञ्चालन गरि ११८२ भन्दाबढी करदाताहरूलाई करदाता शिक्षा प्रदान गरेको छ । स्वास्थ्य क्षेत्रका करदाताहरूका बीच काठमाडौ मेडिकल कलेज सिनामंगल र स्वास्थ्य व्यवसायी संघमा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो । यसैगरी शैक्षिक संस्था अन्तरगंत क्लासिक कलेज, नासा कलेज, मिडभ्याल्ली कलेज, जेभियर कलेज, टायम्स कलेज, गोल्डेनगेट कलेज, राष्ट्रिय स्वास्थ विज्ञान प्रतिष्ठान गरी जम्मा ८ वटा कलेजहरू र सेवा सदन, प्यारगन, एप्पल एकेडेमी स्वरस्वती कुन्ज, संभवी, शहिद स्मारक, आलोक बिद्याश्रम, केयर बोर्डिङ लगायतका



करदाता शिक्षा कार्यक्रममा उपस्थित सहभागीहरू

८ वटा स्कूलहरूका प्राध्यापक, शिक्षक एवं कर्मचारीहरूलाई करदाता शिक्षा प्रदान गरिएको थियो ।


आन्तरिक राजस्व विभागबाट उपलब्ध विद्युतीय सेवा प्रयोग गरी व्यावसायिक लागत घटाऔं ।



करदाता सेवा कार्यालय वत्तीसपुतलीद्वारा सञ्चालित करदाता शिक्षा कार्यक्रममा सहभागीहरू

व्यवसायीहरूलाई करदाता शिक्षा दिने क्रममा बत्तिसपुतली गौशाला व्यापार व्यवसायी संघमा आबद्ध व्यवसायीहरू, वैदेशिक रोजगार व्यवसायी संघको समन्वयमा सो संघमा संलग्न व्यवसायीहरूका बीच समेत सो अवधिमा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो । त्यसैगरी **RAS Project** को सहयोगमा खुद्रा ब्यापार संघ, नेपाल निर्माण व्यवसायी संघ, **FNCCI** र **Chamber** को समेत सहभागितामा जेठ ९ गते सिद्धार्थ फुडल्याण्ड प्रा.लिमा आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १ का प्रमुख कर प्रशासक श्री गणेशप्रसाद पाण्डेको प्रमुख आतिथ्यमा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो । यसैगरी अन्य कार्यक्रमहरूमा सिद्धार्थ फुडल्याण्ड प्रा.लि. पुरानोबानेश्वर, द्वारिका समुह (द्वारिका होटल, काठमाण्डौ ट्राभल, इको अर्गानिक, भिलेज रिसोर्ट), गठी संस्थान, डिल्लीबजार, नेपाल फर्निचर तथा फर्निसिङ संघलाई पनि छुट्टा छुट्टै रूपमा करदाता शिक्षा प्रदान गरिएको थियो । उपरोक्त प्रत्येक कार्यक्रमहरूमा कार्यक्रमको संयोजन एवं कार्यपत्र प्रस्तुत गर्ने कार्य कर अधिकृतद्वय श्रीमती कमला खरेल र श्री उद्धब भट्टराईले गर्नुभएको थियो भने कार्यक्रमहरूमा उठेका करदाताका जिज्ञासाहरूको जवाफ प्रमुख कर अधिकृत श्री गोपाल कोइराला एवं श्री लवराज थापाले दिनुभएको थियो । सो कार्यक्रमहरूमा करदाताहरूलाई करमा दर्ता, आयकर तथा मु.अ.कर विवरण, तिनकिस्ते कर, **Personal E-PAN** का फाइदाहरू, भूक्तानीमा कर कट्टी, घर बाहाल कर, **E-TDS**, अन्तःशुल्क, शिक्षा सेवा शुल्क, स्वास्थ सेवा कर, दर्ता भएका करदाताले पालना गर्नुपर्ने कानुनी दायित्वहरू, कर्तब्य पालना नगर्दा लाग्ने जरिवाना एवं शुल्क जस्ता विषयहरूमा जानकारी गराउँदै समयमा नै करको दायित्व पूरा गरेर सचेत नागरिकको परिचय दिन एवं राष्ट्रनिर्माणमा सहभागि बन्न आव्हान गरिएको थियो ।

उपरोक्त कार्यक्रम मार्फत करदाताहरूले मूल्य बृद्धिको तुलनामा करछुटको सिमा पर्याप्त नभएकोले समयसापेक्ष करछुटको सिमामा बृद्धि गर्नुपर्ने, मु.अ.करमा अनिवार्य दर्ताका लागि ऐनले तोकेको क्षेत्रमा पुनरावलोकन गर्नुपर्ने, **Hospital Equipment** मा १५ प्रतिशतको **Depreciation** को दर कम भएकोले थप सुबिधा भए राम्रो हुने जस्ता बिचारहरू राखेका थिए । घरबहाल कर घरधनीले नतिर्नाले व्यवसायीले नै यसको भार पनि बहन गर्नुपरेको र घर बहालकर संम्झौतापनि यथार्थपरक गर्न नसकिएको गुनासो राख्दै यसलाई नीतिगत रूपमा नै व्यवस्थित गर्न पनि सुझाब दिएका थिए ।

## करदाता सेवा कार्यालय, कालीमाटी

करदाता सेवा कार्यालय कालीमाटी र जिल्ला सहकारी संघ काठमाण्डौं क्षेत्रीय उपसमिती क्षेत्र नं. १० को संयुक्त आयोजनामा कालीमाटी व्याडकेट कालीमाटीमा जेठ १२ गतेका दिन करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । सो अवसरमा करदाता तथा वक्ताहरूले उठाएका जिज्ञासाको जवाफ दिदै कर अधिकृत श्री वेदप्रसाद खनालले समयमै कर विवरण नवुझाएमा करदाताले नै व्याज तथा जरिवाना तिर्नु पर्ने भएकाले समयमै विवरण तथा कर वुझाउन आग्रह गर्नु भयो । सो कार्यक्रममा आफ्ना धारणा राख्नुहुंदै जिल्ला सहकारी संघ लि. काठमाडौंका अध्यक्षले करदाता शिक्षाको अभावमा कतिपय अवस्थामा व्याज, शुल्क, जरिवाना तिर्नु परिरहेकाले यस्ता कार्यक्रमहरू आगामी दिनमा समेत निरन्तरता हुनु पर्ने कुरामा जोड दिनु भयो ।

१०५ वटा सहकारीका सञ्चालक/व्यवस्थापक/कर्मचारीहरूको सहभागिता रहेको सो कार्यक्रममा जिल्ला सहकारी संघ काठमाडौंका कोषाध्यक्ष श्री परितोष पौड्याल, जिल्ला सहकारी संघ काठमाण्डौं क्षेत्रिय उपसमिति क्षेत्र नं. ९ का अध्यक्ष श्री विन्देश्वर श्रेष्ठ लगायतको समेत उपस्थिति रहेको सो कार्यक्रममा आयकर सम्वन्धि कार्यपत्र कर अधिकृत श्री उदयराम के.सी. र श्रोतमा कर कट्टि सम्वन्धि कार्यपत्र कर अधिकृत श्री हेमराज जोशीले पेश गर्नु भएको थियो ।

## करदाता सेवा कार्यालय, बालाजु

करदाता सेवा कार्यालय बालाजु काठमाडौंले रसुवा जिल्लाको सदरमुकाम धुन्चेमा क्रियासिल रहेका व्यवसायीहरूलाई यही जेष्ठ १३ र १४ गते करदाता शिक्षा प्रदान गरि बजार अनुगमन गर्ने कार्य सम्पन्न गरेको छ । करदाता शिक्षा प्रदान गर्ने क्रममा करमा दर्ता हुन आवश्यक पर्ने कागजातहरूका बारेमा जानकारी गराउनुका साथै कर दाखिला गर्नुपर्ने समय र तरिका, करदर्ता प्रमाण पत्र एवं करपाटी राख्ने तरिका, बिल बिजक जारी गर्ने, खरिदखाता, बिक्रिखाता पोष्टीङ्ग, सामानको स्टक राख्ने, बिबरण पेश गर्दा पेश गर्नुपर्ने अनिवार्य बिबरणहरू र कर कानुनको पालना नगरे हुने जरिवाना तथा शुल्कहरूका बारेमा आधारभुत एवं व्यावहारिक कुराहरूको बारेमा करदाताहरूलाई सु-सुचित गरिएको थियो ।

जेष्ठ १३ गते धुन्चे उद्योग वाणिज्य संघसँगको समन्वयमा करदाता शिक्षा तथा अन्तरकृया कार्यक्रम सञ्चालन गरिएको थियो भने सोही दिन र १४ गतेका दिन जिल्ला प्रशासन कार्यालय रसुवा, कोष तथा लेखा नियन्त्रक कार्यालय, रसुवा तथा धुन्चे उद्योग बाणिज्य संघसँग समन्वय गरी एकिकृत बजार अनुगमन गरिएको थियो । सो क्रममा आयकर, मू.अ.करदर्ता, सूर्तिजन्य एवं मदिरा जन्य कारोवार गरेका ब्यावसायीले इजाजतपत्र लिएर कारोवार गरे वा नगरेको, खाद्यान्न

र सुर्तिजन्य, मदिरा एकै ठाउँमा राखी कारोबार गरे नगरेको एवं नियमानुसार नविकरण भए नभएको बारेमा अनुगन गरिएको थियो भने अनुगमनका क्रममा केही कैफियतहरू देखिएका करदाताहरूलाई सुधार गर्न निर्देशन दिइएको थियो ।

उक्त अन्तरक्रिया कार्यक्रममा कर अधिकृत श्री रामकुमार श्रेष्ठले आयकर, मु.अ.करको वारेमा प्रकाश पार्ने कार्यपत्र पेश गर्नु भएको थियो भने कर अधिकृत श्री गोबिन्दप्रसाद आचार्यले अन्तःशुल्क सम्बन्धि कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । सो क्रममा उद्योग बाणिज्य संघ धुन्चेका अध्यक्ष श्री काईसाङ तमाङले कर प्रशासन तथा व्यावसायी बीचमा नङ र मासुको जस्तो सम्बन्ध हुनुपर्नेमा एक अर्का प्रति अविश्वासको वातावरण व्याप्त रहेको अबस्थामा यस्ता कार्यक्रमहरू प्रभावकारी एवं फलदायी हुने धारणा राख्नुभयो । सो कार्यक्रममा बोल्नु हुदै कोष नियन्त्रक श्री बुद्धिराज पन्तले अन्तःशुल्क इजाजत नलिई अन्तःशुल्क जन्य कारोवार गर्नेहरूले अन्तःशुल्क इजाजत लिइ र नविकरण नगरेकाहरूले अन्तःशुल्क नबिकरण गरी कारोवार गरौं र दण्ड जरिवाना र शुल्कबाट बचौं भनी आव्हान गर्नु भएको थियो । सोही क्रममा रसुवा जिल्लाका नि.प्रमुख जिल्ला अधिकारी गौतम रिमालले समेत आफ्ना धारणा राख्नुभएको थियो । कार्यक्रमको अन्तक्रियामा सहभागिहुने स्थानिय करदाताहरूले कर कानुन र प्रकृयामा समय सापेक्ष सरलिकरण गरी कर कानुनलाई सहज बनाउनु नितान्त आवश्यक रहेको भनाई राखेका थिए ।

## करदाता सेवा कार्यालय, पुतलीसडक

करदाता सेवा कार्यालय, पुतलीसडकले बैशाख र जेठ महिनामा महानगरपालीका वडा नं. ३१ पुरानो बसपार्कस्थित सिटि मार्केट र वडा नम्बर ३२ अमृतभोग क्याटर्स प्रा.लि.मा कर सम्बन्धी जानकारी दिने उद्देश्यले करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन गरेको थियो । सो कार्यक्रमहरूमा कर सम्बन्धमा करदाताका जिज्ञासाहरू मेटाउदै, **TDS**, विवरण



करदाता सेवा कार्यालय पुतली सडकले आयोजना गरेको कार्यक्रममा सहभागीहरू

**Verification**, जरिवाना र ब्याज लाग्ने अवस्था आदिका वारेमा विस्तृत जानकारीहरू उपलब्ध गराईएको थियो । अमृतभोग क्याटर्स प्रा.लि.मा आयोजित कार्यक्रमको उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपालले समुदघाटन गर्नुभएको थियो भने सो कार्यक्रममा आफ्नो धारणा राख्नुहुंदै खुद्रा व्यापार संघका अध्यक्ष श्री पवित्र वज्राचार्यले कर प्रशासनमा आएको सुधारको प्रसंशा गर्दै कर प्रशासनलाई अझ करदाता मैत्री हुन अनुरोध गर्नुभएको थियो । करदाताको सेवामा सधै प्रतिवद्ध रहने वाचाका साथ प्रमुख कर अधिकृत श्री बाबुराम गौतमबाट कार्यक्रमको समापन भएको थियो ।

## करदाता सेवा कार्यालय, नयाँ सडक

करदाता सेवा कार्यालय नयाँ सडकको आयोजनामा वेकरी क्याफे पाको न्यूरोडमा चैत्र १० गते करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको थियो । सो कार्यक्रममा विशालवजार व्यापारसंघ, आर.वि.कम्प्लेक्स व्यापारसंघ, पशुपति प्लाजा व्यापारसंघ, काठमाडौं मल व्यापारसंघ लगायतका करदाताहरू तथा अन्य व्यावसायीहरूको सहभागिता रहेको थियो । उक्त करदाता शिक्षा कार्यक्रममा कर अधिकृत श्री निरन्जन ज्ञवालीले कार्यक्रमका सहभागीहरूलाई स्वागत तथा कार्यक्रमको औचित्यता




करदाता सेवा कार्यालय न्यूरोडले आयोजना गरेको कार्यक्रममा सहभागीहरू

माथि प्रकाश पार्दै मूल्य अभिबृद्धिकरमा कर विजक र कर कट्टी सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने कर अधिकृत श्रीमती पार्वती न्यौपानेले कर प्रणाली सम्वन्धी समग्र विषयमाथि प्रकाश पार्दै दर्ता देखि खारेजीसम्मका प्रकृया सम्वन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । सो कार्यक्रममा करदाताका विविध जिज्ञासा र समस्याको समाधान गरिएको थियो ।

## करदाता सेवा कार्यालय, उदयपुर

बैशाख १७ देखि २० गतेसम्म जिल्लाका बिभिन्न भागमा जिल्ला प्रशासन कार्यालय उदयपुरद्वारा सञ्चालन गरिएको एकिकृत घुम्ति सेवा कार्याक्रममा यस करदाता सेवा कार्यालय, उदयपुरबाट कर अधिकृत श्री ईश्वरप्रसाद जोशी र ना.सु.कमल भट्टराईको टोलीबाट कर शिविर सञ्चालन गरी कर सम्बन्धी आधारभूत जानकारी, करदाता शिक्षा कार्यक्रम तथा करको दायरामा नआएका व्यवसायीहरूलाई सोहि स्थानमा नै दर्ता गरी स्थायी लेखा नम्बर प्रदान गरियो । त्यसै गरी त्रियुगा उद्योग बाणिज्य संघको सहयोगमा जेठ १ गते देखि ७ गते सम्म गाईघाट बजारमा बजार अनुगमन गरी करमा दर्ता हुन तरिका, दर्ता भएमा हुने फाईदा र नभएमा सृजना हुनसक्ने दायित्वहरूका बारेमा तथा दर्ता भएका करदाताहरूलाई करको बिवरण र राजस्व बुभाउने प्रक्रियाहरूको बारेमा जानकारी गराईएको थियो ।

# IMF प्राविधिक टोलिद्वारा विभिन्न प्रतिवेदन प्रस्तुत


आइएमएफ प्राविधिक टोलीसँग महानिर्देशक श्री टंकमणि शर्मा

आन्तरिक राजस्व विभागको पञ्च वर्षीय रणनीतिक योजना तथा तीनवर्षिय सुधार योजनाको कार्यान्वयनमा सहयोगका लागि अन्तर्राष्ट्रिय मुद्राकोषको प्राविधिक सहायता अनुरूप विभिन्न विषयगत प्राविधिक टोलिद्वारा अध्ययनकार्य जारी रहेको छ । यसैक्रममा हालसालै विभिन्न तीनवटा प्राविधिक टोलिले अध्ययन भ्रमण सम्पन्न गरी तयार गरेका प्रारम्भिक प्रतिवेदनहरू विभागमा प्राप्त भएका छन् । कर प्रणाली सुधारका विषयमा Kiyoshi Nakayama को नेतृत्वमा Devid Wentworth र Christofer Heady ले गत अप्रिल ३० देखि मे १३ सम्म नेपालको भ्रमण गरि अध्ययन गरेको थियो। अध्ययन भ्रमणका क्रममा उक्त टोलिले अर्थमन्त्रालय, आन्तरिक राजस्व विभाग, केन्द्रिय तथ्यांक विभाग र काठमाण्डौ महानगरपालिकाका पदाधिकारीहरूसँग भेट गर्नुका साथै व्यवसायिक समुदाय, लेखापरीक्षक लगायतका सरोकारवालाहरूसँग समेत छलफल गरेको थियो। उक्त टोलिले दिएको प्रतिवेदनमा नेपालको कर प्रणालीमा गर्नुपर्ने सुधारका सम्वन्धमा विषयगत रूपमा सुझाव प्रदान गरिएको छ। यसैगरी Margaret Cotton को नेतृत्वमा Debra Adams, Paul Duffus र Rod Ettridge सम्मिलित टोलिले गत मे १५ देखि २८ सम्म अध्ययन भ्रमण सम्पन्न गरि तीन वर्षिय सुधार योजनाको प्रगति अवस्था र Introduction of Compliance Risk Management का विषयमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरेको छ। अध्ययनका क्रममा उक्त टोलिले आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्मालगायत विभाग र आन्तरिक राजस्व कार्यालयका विभिन्न पदाधिकारीहरूसँग भेटगरी छलफल गरेको थियो। त्यसैगरी आन्तरिक राजस्व विभागको संगठनात्मक पुनर्संरचनाका विषयमा गत जुन १४ देखि २७ सम्म IMF का प्राविधिक विशेषज्ञ Maureen Kidd द्वारा अध्ययन भ्रमण सम्पन्न गरी प्रारम्भिक अध्ययन प्रतिवेदन प्राप्त भएको छ। उक्त प्रतिवेदनमा आन्तरिक राजस्व विभागको संगठनात्मक संरचनामा गर्नुपर्ने परिवर्तनका सम्वन्धमा सुझाव प्रस्तुत गरिएको छ।

# महालेखापरीक्षकसँग छलफल

बैशाख ३१ गते महानिर्देशक श्री टंकमणि शर्माको नेतृत्वमा उपहानिर्देशक तथा निर्देशक सहितको टोलीले नवनियुक्त महालेखापरीक्षक माननीय श्री भानुप्रसाद आचार्यसँग भेट गरी समसामयिक विषयमा छलफल गऱ्यो। सो अवसरमा महालेखा परीक्षक श्री आचार्यले आन्तरिक राजस्व विभागको राजस्व संकलन स्थिति, बेरुजु तथा बक्यौता करको बारेमा जिज्ञासा राख्नु भएको थियो भने महानिर्देशक श्री शर्माले आन्तरिक राजस्व विभाग र अन्तरगत कार्यालयहरूको संरचनागत स्थिति, कार्य प्रणाली, राजस्व संकलन, बेरुजुको स्थिति र मुख्य मुख्य समसामयिक मुद्दाहरूको


महालेखा परीक्षक श्री भानुप्रसाद आचार्य, उपमहानिर्देशक श्री राममणि दुवाडी लगायतका पदाधिकारीहरू

बारेमा अवगत गराउनु भएको थियो। उक्त अवसरमा महालेखा परीक्षकको कार्यालयका उच्च पदस्थ पदाधीकारीहरूको समेत उपस्थिति रहेको थियो।

# सार्क सक्षम अधिकारीहरूको बैठक सम्पन्न

सार्कका आयकर सम्बन्धी सक्षम अधिकारीहरूको दोस्रो बैठक मे २२ र २३, २०१३ मा सार्क सचिवालय, काठमाण्डौंमा सम्पन्न भयो । **"Avoidance of Double Taxation and Mutual Administrative Assistance in Tax Matters"** विषयक उक्त बैठकमा नेपाल, भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका र भुटान गरी ६ देशका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । सार्कका निर्देशक श्री अमृत लुगुनद्वारा उद्घाटन गरिएको उक्त कार्यक्रमको अध्यक्षता बंगलादेशको राष्ट्रिय राजस्व बोर्डकी सदस्य (अन्तराष्ट्रिय कर) श्रीमती बेगम रहिला चौधरीले गर्नुभएको थियो। सो बैठकमा नोभेम्बर



कार्यक्रममा उपस्थित सार्क राष्ट्रका प्रतिनिधिहरू

३०, २००५ मा सम्पन्न भएको **SAARC Limited Multilateral Agreement on Avoidance of Double Taxation and Mutual Administrative Assistance in Tax Matters** को प्रभावकारी कार्यान्वयन गर्ने विषयमा सक्षम अधिकारीहरूको २०११ अप्रिल ५-६ मा काठमाण्डौंमा सम्पन्न बैठकले सिफारिस गरेका विषयहरूको प्रगति समिक्षा गरिनुका साथै संझौताको क्षेत्र विस्तार गर्ने विषयमा समेत छलफल भएको थियो । सो कार्यक्रममा नेपालका तर्फबाट यस आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री रामशरण पुडासैनीको नेतृत्वमा यस विभागका निर्देशक, श्री लेखनाथ शर्मा, ठूला करदाता कार्यालयका प्रमुख कर अधिकृत श्री गोपाल प्रसाद घिमिरे, अर्थ मन्त्रालयका उपसचिव श्री चण्डी प्रसाद घिमिरे लगायत सातजनाको सहभागिता रहेको थियो। सक्षम अधिकारीहरूको आगामी बैठक सन २०१४ मा भुटानमा गर्ने प्रस्ताव गरेको उक्त बैठकले **Exchange of information: Large taxpayers unit.** र **International taxation and transfer pricing** सम्बन्धी सेमिनार पाकिस्तानमा र **Transfer Pricing** सम्बन्धी सेमिनार भारतमा आगामी वर्ष गर्ने प्रस्ताव गरेको छ। बैठकमा प्रस्तावित प्रतिवेदन सर्वसम्मत ढंगले पारित भएको थियो।

१ पेजको बाँकी...

## कार्यगत लक्ष्य प्रगति विवरण

आन्तरिक राजस्व कार्यालयहरूको चालु आ.ब.को जेठसम्मको समग्र कार्यगत लक्ष्य प्रगति उत्साहजनक रहेको छ। आन्तरिक राजस्व विभाग अन्तर्गतका २३ वटा कार्यालयहरूमध्ये ८ वटा कार्यालयहरू समग्र लक्ष्यको ९५ प्रतिशत भन्दा बढी प्रगति गरी **A+** मा **Grading** हुन सफल भएका छन्। त्यसैगरी ८५ प्रतिशत भन्दा बढी प्रगति गर्ने १४ वटा कार्यालयहरू **A+** मा र ७५ प्रतिशत भन्दा बढी प्रगति गर्ने एउटा कार्यालय **A** मा **Grading** भएको छ। काठमाण्डौ उपत्यकाका करदातासेवा कार्यालयहरूतर्फ ६ वटा कार्यालयहरू **A++** मा र ७ वटा कार्यालयहरू **A+** मा **Grading** भएका छन्।

जेठ महिनासम्मको कार्यगत लक्ष्य प्रगतिको आधारमा कार्यालयगत **Grading**

| Grading | कार्यालय |
|---|---|
| A++ | आन्तरिक राजस्व कार्यालयहरू : ललितपुर, भद्रपुर, धनगढी, भरतपुर, काठमाण्डौ क्षे.नं.१, विराटनगर, काठमाण्डौ क्षे.नं.३, र धरान, । करदाता सेवा कार्यालयहरू: त्रिपुरेश्वर, पुतलीसडक, कालिमाटी, नयाँ वानेश्वर, टंगाल र महाराजगंज । |
| A+ | आन्तरिक राजस्व कार्यालयहरू : काठमाण्डौ क्षेत्र नं. २, नेपालगन्ज, हेटौडा, ठूला करदाता, बुटवल, लहान, वीरगंज, दाङ्ग, महेन्द्रनगर, कृष्णनगर, भक्तपुर, पोखरा, जनकपुर र भैरहवा । करदाता सेवा कार्यालयहरू : कोटेश्वर, ठमेल, बत्तिसपुतली, कलंकी, वालाजु, नयाँसडक र चावहिल । |
| A | आन्तरिक राजस्व कार्यालय सिमरा । |

त्यसैगरी आन्तरिक राजस्व कार्यालयहरूको आ. ब. २०६९।७० को जेठ महिनासम्मको राजस्व असुली विवरण अनुसार विभाग अन्तर्गतका जम्मा २३ वटा आन्तरिक राजस्व कार्यालयहरूमध्ये १२ वटा कार्यालयहरू यस अवधिकोलागि तोकिएको लक्ष्यभन्दा बढी राजस्व संकलन गर्न सफल भएका छन्।

२०६९/७० जेठसम्मको कार्यालयगत राजस्व संकलन विवरण (रु. हजारमा)

| सि.नं | कार्यालय | लक्ष्य | असुली | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १ | ठूला करदाता | ४९२१३५१७ | ५०७३४६६६ | १०३ |
| २ | काठमाण्डौं क्षेत्र नं १ | ७१४६७०१ | ६८०३४४५ | ९५ |
| ३ | काठमाण्डौं क्षेत्र नं ३ | ५९४००५८ | ५७९५४८८ | ९८ |
| ४ | भरतपुर | ५६४८८१७ | ५७८५५८९ | १०२ |
| ५ | सिमरा | ५९०१५६६ | ५३७६४०२ | ९१ |
| ६ | ललितपुर | ३४९१४२७ | ३६००७२७ | १०३ |
| ७ | विरगञ्ज | ३७१८६१३ | ३३१८८२१ | ८९ |
| ८ | काठमाण्डौं क्षेत्र नं २ | २८२९१०७ | २७७७८९० | ९८ |
| ९ | विराटनगर | ३२४५९६७ | २५१९४६५ | ७८ |
| १० | पोखरा | १७२४५७६ | १६०३३०४ | ९३ |
| ११ | हेटौंडा | ११९७०६७ | १४५८७२२ | १२२ |
| १२ | बुटवल | १३७१९५४ | १३२०२५७ | ९६ |
| १३ | भैरहवा | १४०९५९६ | १३१७५२९ | ९३ |
| १४ | भक्तपुर | ११६०३११ | १२००६६४ | १०३ |
| १५ | धरान | १११९३११ | ११२३६६३ | १०० |
| १६ | नेपालगञ्ज | ९८७६१२ | ९२८९६९ | ९४ |
| १७ | भद्रपुर | ६८२३२२ | ७२६०८६ | १०६ |
| १८ | लाहान | ६८१५५६ | ६७३७५७ | ९९ |
| १९ | जनकपुर | ६३९१९२ | ६४९८०८ | १०२ |
| २० | धनगढी | ५३७९७५ | ५६८२९० | १०६ |
| २१ | दाङ | ३६६४४४ | ३८६९८६ | १०६ |
| २२ | कृष्णनगर | ३६०२०१ | ३७७६४० | १०५ |
| २३ | महेन्द्रनगर | २९९२९८ | ३०८८६१ | १०३ |
| जम्मा | | ९९,६७३,१८८ | ९९,३५७,०२९ | १०० |

# अन्तर्राष्ट्रिय गोष्ठि तथा तालिम



विकासशील राष्ट्रहरूको प्राविधिक वैठकमा सहभागीहरूसँग महानिर्देशक श्री टंकमणि शर्मा बायाँबाट तेस्रो अगाडि

स्रोत : Website: www.un.org/esa/ffd

महानिर्देशक टंकमणि शर्मा ३०-३१ मे २०१३ मा अमेरिकाको न्यूयोर्कमा **Financing for Development Office (FFDO) of UN-DESA** र **International Tax compact (ITC)** ले संयुक्त रूपमा आयोजना गरेको '**Tax Treaty Administration and Negotiation** विषयक प्राविधिक वैठकमा सहभागी हुनुभयो । सो वैठक विकासशील राष्ट्रका अर्थ मन्त्रालय र कर प्रशासनको करसँग सम्बन्धित अन्तर्राष्ट्रिय सम्झौता गर्ने क्षमता अभिवृद्धि गर्न आवश्यक पर्ने शीपको पहिचान गर्ने उद्देश्यले आयोजना गरिएको थियो । २९ देशका ३२ प्रतिनिधिहरूको सहभागिता रहेको वैठकमा संयुक्त राष्ट्र संघ लगायत अन्य अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संगठनका प्रतिनिधि तथा अन्तर्राष्ट्रिय कर विज्ञहरूको समेत सहभागिता रहेको थियो ।

वैठकमा कर प्रशासन र अन्तर्राष्ट्रिय कर सम्झौता सम्बन्धी आठवटा मस्यौदा पत्रहरू प्रस्तुत भएका थिए । कार्यपत्रमाथि विज्ञ तथा सहभागी मुलुकका कर प्रशासनसँग सम्बन्धित उच्च पदस्थ प्रतिनिधिहरूले सम्बन्धित विषयमा नीतिगत तथा अन्तर्राष्ट्रिय कर सम्झौता गर्दा हुने लाभ लगायतका वारेमा आआफ्ना सुझावहरू प्रस्तुत गर्नुभएको थियो ।

त्यसैगरी अष्ट्रियाको भियनामा मे १३ देखी १७ सम्म सञ्चालित **Tax Treaties: Special Issues** विषयक तालिममा उपमहानिर्देशक श्री विष्णुप्रसाद नेपाल र प्रमुख कर अधिकृत श्री जगदिश्वर उपाध्यायले सहभागिता हुनुभयो । डेनिस सरकारको सहयोगमा जुन ३ देखी १४ सम्म सञ्चालित **Public Sector Leadership** विषयक तालिममा विभागका निर्देशकहरू श्री कृष्ण बस्नेत, श्री मदन दहाल र श्री बद्री गौतम सहभागी हुनुभएको थियो । आर्थिक सहयोग एवं विकास संगठन **(OECD)** को आयोजनामा जुन १० देखि १४ सम्म कोरियाको सियोलमा सम्पन्न भएको **Tax Treaties: Special Issues** विषयक तालिममा प्रमुख कर अधिकृत श्री रमेश अर्याल र शाखा अधिकृत श्री मोहनप्रसाद ढकालको सहभागिता रहेको थियो भने मे ६ देखि ११ सम्म सोहीस्थानमा सञ्चालित **Transfer Pricing and Customs Valuation** विषयक तालिममा शाखा अधिकृतहरू श्रीमती आशाकुमारी शाह र श्री अम्बिकाप्रसाद फुयाल सम्मिलित हुनभएको थियो । त्यसैगरी



गुगल म्यापमा प्रतिनिधिहरू

**OECD** कै आयोजनामा टर्किको अंकारामा जुन १० देखि १४ सम्म सञ्चालन भएको तालिममा विभागका शाखा अधिकृतहरू श्री राजेन्द्रप्रसाद चुडाल, श्री ढुण्डीराज दाहाल र श्री रविन्द्रप्रसाद प्याकुरेलको सहभागिता रहेको थियो। वैदेशिक भ्रमणकै क्रममा निर्देशक श्री युगजतन हुमागाईं, लेखा अधिकृत श्री ईश्वर श्रेष्ठ र शाखा अधिकृत श्री पिताम्वर खनालले जुन १६ देखि २१ सम्म अन्तःशुल्क स्टिकर छपाईको अनुगमन गर्ने उद्देश्यले भारतको नोयडाको भ्रमण गर्नुभयो।

वैदेशिक भ्रमणकै सिलसिलामा मे १९ देखि २४ सम्म जाम्वियाको कर प्राधिकरणको पाँच सदस्यीय एक प्रतिनिधि मण्डलले नेपालको राजस्व प्रशासनको अध्ययन भ्रमण सम्पन्न गरेको थियो। सो भ्रमणका क्रममा सो प्रतिनिधि मण्डलले आन्तरिक राजस्व विभाग लगायत ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, पोखरा र करदाता सेवा कार्यालय, नयाँ वानेश्वरको समेत भ्रमण गरेको थियो। सो क्रममा उक्त प्रतिनिधि मण्डलका सदस्यहरू विभिन्न ठाउँमा आयोजित करदाता शिक्षा कार्यक्रमहरूको समेत अवलोकन गरेका थिए। त्यसै क्रममा जेठ १० गते काठमाडौंको लाजिम्पाटस्थित होटल शंकरमा आन्तरिक राजस्व विभागले वैदेशिक रोजगार व्यवसायीहरूका बीच सञ्चालन गरेको अन्तरक्रिया एवं अनुशिक्षण कार्यक्रममा आफ्ना धारणा राख्दै सो प्रतिनिधि मण्डलका प्रमुख श्री म्यायाम्बो म्याङगाले आफूहरू अन्तर्राट्रिय मुद्रा कोषको सिफारिसमा करदाता सेवा सम्बन्धी राम्रो अभ्यासको अध्ययन गर्न नेपाल आएको र भ्रमणका क्रममा नेपालले ठूलो संख्यामा करदाताहरूलाई व्यवस्थापन गर्न सकेको तथा प्रभावकारी रूपमा करदाता शिक्षा प्रदान गर्नसकेको देखेर साऱ्है नै प्रभावित भएको धारणा व्यक्त गर्दै आफ्नो देशमा समेत यहाँ सिकेका राम्रा प्रचलनहरूको कार्यान्वयन गर्न पहल गर्ने कुराको जानकारी गराएका थिए।



वस्तु वा सेवा खरीद गर्दा अनिवार्य रूपमा बिल विजक लिने दिने बानी बसालौं ।

# करको चर्चा घर घरमा गरौं
# कर तिरौं, राष्ट्र निर्माणमा सहभागी बनौं ।

eTax

## Simple, Fast, Efficient & Cost Cutting e-Service



## १. आयकरको विवरण e-Filling (D-01) तथा D-03 ReturnAs online Entrty) गर्ने तरिका

१. Username र Password दर्ता गरि आन्तरिक राजस्व कार्यालयमा गई Username र Password Register गर्नुहोस् ।
२. आन्तरिक राजस्व विभागको वेभ साइटमा गई e-Returns मा Click गनुहोस् । त्यसपछि e-income Tax Self Assessment मा Click गर्नुहोस् ।
३. Taxpayer login गरि नयाँ Username र Password लिएको भए Password परिवर्तन गर्नुहोस् । त्यसपछि Getsubmittion No मा click गर्नुहोस् ।
४. सवै भरिसकेपछि Submission submit Button मा Click गरेपछि Submission Number पाउनु हुनेछ । त्यो Number प्रत्येक एउटा विवरणको लागि अलग अलग हुन्छ । Submission Number नोट गरी राख्नु पर्छ ।
५. Enter Self Assessment मा Click गर्नुहोस् ।
६. फाराम Submmission Number का साथ Display भएको पाउनु हुन्छ । तपाइको कारोवार भर्नुहोस् । त्यसपछि Register मा Click गर्नुहोस् ।
७. तपाइले भरेको विवरणमा कुनै गल्ती भए Update मा Click गरेर पुनः सच्याउनुहोस् अथवा ठीक भए Print गरेर कार्यालयमा बुझाउने वा आफै रुजु (Verify) गर्नुहोस् ।
८. विवरण रुजु गर्न Verify and print preview मा Click गर्नुहोस् मागेको Username र Password दिनुहोस् । विवरण रुजु भैसके पश्चात् तपाइले विवरण रुजु (verify) भएको जानकारी पाउनु हुन्छ ।

नोटः D-03 Returns online Entry का लागि माथि उल्लेख गरिएको ५ नं. पछि D-03 छान्नुहोस् र निम्न उल्लेखित बुँदा अपनाउनुहोस् ।

६. अन्य अनिवार्य कागजहरू Upload गर्नको लागि यहाँ क्लिक गर्नुहोस् ।

| | |
|---|---|
| अनुसूचि ५ व्यापार आयको विवरण राख्ने | Add new |
| अनुसूचि ६ रोजगारी आयको विवरण राख्ने | Add new |
| अनुसूचि ७ लगानीबाट भएको आयको गणनाको विवरण राख्ने | Add new |
| अनुसूचि ८ गैर व्यावसायिक सम्पत्तिको निसर्गबाट प्राप्त विवरण राख्ने | Add new |
| अनुसूचि ९ अथवा अनुसूचि २ | Update |
| अनुसूचि १० कर मिलान सम्बन्धी विवरण राख्ने | Add new |
| अनुसूचि ११ औषधि उपचार कर मिलान दावीको विवरण राख्ने | Add new |
| अनुसूचि १२ विदेशमा तिरेको कर मिलान दावीको विवरण राख्ने | Add new |
| अनुसूचि १३ वित्तिय तथा खरिद बिक्री विवरण | Add new |

७. करयोग्य कारोवार गर्ने सवै निकाय र रु ५० लाख भन्दा माथिको कारोवार गर्ने प्राकृतिक व्यक्तिको हकमा अनुसूचि ५, १० र १३ अनिवार्य गरिएको छ । अनुसूचि १३ मा रु ५ लाख भन्दा माथिको खरिद तथा बिक्री बिलहरू इन्ट्रि गर्नुहोला । कर मिलान दावी गर्नु पर्ने नदेखिएमा र कर तिर्नु पर्ने नदेखिएमा अनुसूचि १० भरी राख्नु पर्दैन । करयोग्य कारोवार नगर्ने प्रकृतिका व्यक्तिहरूले लेखा परिक्षकको नाम तथा अनुसूचि १३ भरी राख्नु पर्दैन ।

- सवै निकाय तथा रु ५० लाख भन्दा माथिको कारोवार गर्ने प्राकृतिक व्यक्तिको हकमा अन्य अनिवार्य कागजातहरू जस्तै Balance sheet, Income statement cash Flow, Notes to account र Shedule हरू Scan गरी Upload गर्ने ।
- अन्य सपोर्टिङ कागजातहरू Upload गरीसकेपछि प्राकृतिक व्यक्तिको हकमा अनुसूचि १ र निकायको हकमा अनुसूचि २ आफैं बन्नेछ। त्यसलाई Update मा Click गर्नुहोस्। अनुमानित कर विवरण बुझाउनु पर्ने करदाताले नबुझाएको भए दफा ११७ मा रु २००० र व्याज लाग्ने भएमा दफा ११८ मा राखि Set Anex गर्नुहोस् । Set Annex नगरेसम्म पूरा फर्म भरेको मानिने छैन । सपोर्टिङ अन्य कागजातहरू रु. ५० लाखभन्दा कमको कारोवार गर्ने प्राकृतिक व्यक्तिको हकमा अनिवार्य छैन ।

## २. Internet बाट TDS भर्ने तरिका

- आन्तरिक राजस्व विभागको वेभ साटइमा गएर e-TDS मा click गर्नुहोस् ।
- Get Transaction Number मा Click गरेर आफ्नो इच्छा अनुसार Username र Password राख्नुहोस् ।
- Withholder Pan No नभएमा Withholder name मा आफ्नो संस्थानको नाम entry गर्नुहोस् ।
- IRO Name मा सम्बन्धित कार्यालयको नाम छान्नुहोस् ।
- TDS Collection period मा कुन मितिदेखि कुन मितिसम्मको TDS Collection गरिएको हो सो entry गर्नुहोस् ।
- त्यसपछि Registration मा Click गरेर Transaction Number पाउनुहुन्छ ।
- Enter TDS मा Click गर्नुहोस् ।
- सवै विवरण भरेर प्रत्येक रिकर्ड समाप्त भएपछि Add गर्दै जानुहोस् ।
- प्यान नभएमा Name मा कट्टी हुने व्यक्तिको नाम राख्दै जानुहोस् ।
- TDS Information सकिएपछि Voucher Information मा Click गरी Voucher र Cash को विवरण Entry गरी Add गर्दै जानुहोस् ।
- भरेको विवरण ठीक छ छैन Print Preview मा हेर्नुहोस् । गलत भएमा Update मा Click गरी पुनः सम्पादन गर्नुहोस् ।
- सवै ठीक भएमा दुई प्रति प्रिन्ट गरेर सम्बन्धित कम्पनीको आधिकारिक व्यक्तिको हस्ताक्षर र कम्पनीको छाप लगाई सम्बन्धित भौचरको छाया प्रति समेत संलग्न गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा एक प्रति Verify का लागि पेश गर्नुहोस् र अर्को प्रति आफ्नो कम्पनीमा राख्नुहोस् ।

### व्यक्तिको आफ्नो कर कट्टि (e-TDS) विवरण Internet बाट हेर्ने तरिका

आफ्नो नाममा कुनै कम्पनी वा कार्यालयले काटेको कट कट्टी रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गरे नगरेको सजिलैसँग घरबाटै Internet बाट निम्न बमोजिम हेर्न सकिन्छ । यसरी विवरण हेर्नलाई व्यक्तिको प्यान नं. लिएको र कम्पनीको सो रकम e-TDS विवरण भरि Verify गरेको हुनुपर्दछ ।

- आन्तरिक राजस्व कार्यालयबाट Username र Password लिनुहोस् ।
- आन्तरिक राजस्व विभागको वेभ साइटमा गएर e-TDS मा Click गर्नुहोस् ।
- Withholdee login मा Click गर्नुहोस् ।
- PAN, Username र Password राख्नुहोस् ।
- तपाइको विवरण हेर्न वा छाप्न सकिन्छ ।

## ३. e-Filling (VAT Returns Online Entry) गर्ने तरिका

१. कार्यालयमा गई Username र Password लिने ।
२. इन्टरनेटबाट फर्म भर्ने
- आन्तरिक राजस्व विभागको वेभ साइटमा गएर e-Returns मा Click गर्नुहोस् ।
- e-VAT Returns मा Click गर्नुहोस् ।
- Taxpayers Login मा Click गर्नुहोस् । Username र Password Entry गर्नुहोस् ।
- तपाइले Submission Number पाउनु हुन्छ । त्यो Submission Number प्रत्येक विवरणको लागि अलग अलग हुन्छ । यो Submission Number नोट गरी राख्नु पर्छ ।
- VAT Returns Entry मा Click गर्नुहोस् ।
- तपाइले अनुसूचि १० मा फाराम Submission Number का साथ Display भएको पाउनु हुन्छ । सम्बन्धित अवधिको कारोवार भर्नुहोस् ।
- यदि तपाई विवरण डेबिटमा (+) मा छ र बैंकमा तिरेको भौचर पनि साथ छ भने भौचरमा Click गर्नुहोस् र भौचर Information पनि सवै भर्न सक्नुहुन्छ ।
- त्यसपछि Submit मा Click गर्नुहोस् ।
- तपाइले भरेको विवरण (खरिद/बिक्री रकम) अझै पनि संशोधन गर्न आवश्यक भएमा तपाइले Update मा Click गरेर पुनः सम्पादन गर्न सक्नुहुन्छ । ठीक भर्नु भएको छ निम्न तरिका अनुसार Verify गर्नुहोस् ।
- आफै रुजु (Auto Verify) गर्नै
- Auto Verify मा Click गर्नुहोस् ।
- एउटा फारम Display हुन्छ जसमा यस अवधिभन्दा अगाडिको अवधिको विवरणको तथ्य (Previous Status) र Username and Password सम्बन्धी विवरण भर्नुहोस् ।
- Previous Status मा पहिलाको विवरणमा ० छ भने ० नै राख्ने, डेबिटमा छ भने जति डेबिट रकम हो त्यो त्यति नै राख्ने र क्रेडिटमा छ भने जति क्रेडिट रकम हो त्यति माइनस (-) सहित entry गर्ने ।
- Verify मा Click गर्नुहोस् ।
- तपाईको विवरण सफलतापूर्वक Verify हुन्छ ।

## ४. विद्युतीय प्रणालीमा आधारित व्यक्तिगत स्थायी लेखा नम्बर (Personal e-PAN) सम्बन्धी जानकारी

१. व्यक्तिगत स्थायी लेखा नम्बर किन ?
- करको दायरा विस्तार गर्न । करदाताको पहिचान गराउन । कर सहभागिता वृद्धि गरी करदाताको अभिलेख व्यवस्थित तथा एकीकृत गरी कर सूचना प्रणालीलाई प्रभावकारी बनाउन । करदाताको व्यावसायिक लागत कम गर्न र विद्युतीय सुशासनको प्रयोग बढाउन ।

२. क-कसले व्यक्तिगत स्थायी लेखा नम्बर अनिवार्य रुपमा लिनु पर्दछ ?
- रोजगारी आय हुने व्यक्तिका हकमा रु १ लाख ६० हजार र दम्पत्ति छनौट गर्नेको हकमा रु. २ लाख भन्दा बढी करयोग्य आय भएको व्यक्ति । सरकारी अर्ध सरकारी तथा कम्पनी/संघ संस्थालाई घर वहालमा दिने व्यक्ति (घरधनी) । रु. १० लाख भन्दा बढीको शेयर खरीद बिक्री गर्ने व्यक्ति । डाक्टर, इन्जिनियर, लेखा परीक्षक, कानुन व्यवसायी, व्यक्तिगत परामर्शदाता, कलाकार, बीमा अभिकर्ता र कमिशन एजेन्ट । आयकर ऐनको अनुसूचि १ बमोजिम कर तिर्नुपर्ने दायित्व भएको भाडाका सवारी धनी प्राकृतिक व्यक्ति ।

नोटः उपरोक्त वाहेक कुनै पनि नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त व्यक्तिले स्वेच्छाले व्यक्तिगत PAN लिन चाहेमा प्रदान गरिनेछ ।

३. व्यक्तिगत PAN आवेदन गर्नका लागि आवश्यक कागजातहरू
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, विदेशीको हकमा राहदानी वा सम्बन्धित कुटनीतिक नियोगद्वारा जारी गरिएको परिचयपत्र । पेशागत प्रमाणपत्र, प्रमाणपत्र नं. मात्र राखे पुग्ने । फोटो सहित माथि बुँदा नं. २ मा अनिवार्य गरिएका वाहेकका व्यक्तिका लागि नेपाली नागकिरताको प्रमाणपत्रको प्रतिलिपि र फोटो मात्र भए पुग्छ ।

४. प्रमाण- पत्र प्राप्त गर्न प्रकृया
- प्रमाण पत्र प्राप्त गर्न नजिकको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा स्वयं उपस्थित भएर, वा आन्तरिक राजस्व विभागको www.ird.gov.np मा लगअन गरेर Personal e-PAN मा प्रवेश गरी Get Submission Number मा क्लिक गर्नुहोस् । Submission Number पाएपछि Enter Information मा गई व्यक्तिगत विवरण प्रविष्ट गर्नुहोस् । फोटो (100x100 Pixel) र परिचयपत्र (500x400 Pixel) स्क्यान गरी अपलोड गर्नुहोस् । त्यसपछि एक प्रति प्रिन्ट वा Submission Number लिई सम्बन्धित आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्याल्यमा गई त्यहाँबाट प्रमाणपत्र प्राप्त गर्न सक्नुहुनेछ ।

**आन्तरिक राजस्व विभाग**

**Inland Revenue Department**

करदाताको सेवामा समर्पित

'हामीले तिरेको कर हाम्रै विकासका लागि, आधुनिक र समृद्ध नेपाल निर्माणका लागि'

Toll Free NO: 16600140000

## नेपाल सरकार
## अर्थ मन्त्रालय
## आन्तरिक राजस्व विभाग

## मदिरा उत्पादक तथा व्यवसायीहरूलाई अत्यन्त जरुरी सूचना

मदिराको उत्पादन, पैठारी तथा बिक्री वितरण गर्ने व्यक्तिले अन्तःशुल्क ऐन, २०५८ तथा अन्तःशुल्क नियमावली, २०५९ र मदिरा ऐन, २०३१ तथा मदिरा नियमावली, २०३३ बमोजिम इजाजतपत्र लिई, मदिराका प्रत्येक बोतलमा अन्तःशुल्क टिकट लागेका वैध मदिराको मात्र कारोवार गर्नु पर्ने, मदिराको उत्पादन तथा पैठारी गर्ने इजाजतपत्रवालाले वितरक, थोक तथा खुद्रा बिक्रेतालाई बिक्री गर्ने मूल्य सार्वजनिक गरी आफूले उत्पादन गरेको वस्तुमा अधिकतम खुद्रा मूल्य अंकित गर्नु पर्ने, मदिरा तथा सूर्तीजन्य पदार्थको कारोवार गर्नेले तोकिएका क्षेत्रमा सो को मात्र कारोवार गर्नु पर्ने गरी कानुनी व्यवस्था रहेको व्यहोरा विदितै छ । उक्त व्यवस्थाको पालना भए नभएको सम्बन्धमा मदिरा उत्पादक, वितरक, थोक बिक्रेता तथा खुद्रा बिक्रेताहरूको कारोवारको आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूबाट अनुगमन भै रहेको छ । अनुगमनबाट प्रचलित कानुन विपरित कामकारवाही भएको पाइएमा कानुन बमोजिम कारवाही हुने हुँदा उपरोक्त व्यवस्थाको प्रतिकूल हुने गरी कुनै काम कारवाही नगर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## नेपाल सरकार
## अर्थ मन्त्रालय
## आन्तरिक राजस्व विभाग

## सूर्तीजन्य वस्तुहरू (चुरोट/बिंडी बाहेक) मा अन्तःशुल्क टिकट लगाउने सम्बन्धी सूचना

अन्तःशुल्क नियमावली, २०५९ को नियम ३० (२क) को अधिकार प्रयोग गरी सूर्तीजन्य पदार्थ (चुरोट/बिंडी बाहेक) मा अन्तःशुल्क टिकट टांस गर्ने सम्वन्धी कार्यविधि, २०७० जारी भई मिति २०७०।०२।०१ गते बाट लागू हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**उक्त कार्यविधि बमोजिम देहायका बस्तुहरुमा अन्तःशुल्क टिकट लगाउनु पर्ने हुन्छः**

१. सूर्ती (चूना मिलाई खाने प्याक गरेको र चूना मिश्रण भै सकेको तयारी सूर्ती),
२. सूर्तीबाट तयार भएको सवै प्रकारको जर्दा र खैनी,
३. सूर्ती मिश्रण भएको पान मसलाहरू र यस्तै अन्य पदार्थहरू (गुट्खा, पानपराग आदि) ।

**अन्तःशुल्क टिकट लगाउने तरिकाः**

उत्पादक वा पैठारी कर्ताले आफूले उत्पादन गरेको वा पैठारी गरेको वस्तु प्याकिङ्ग गर्ने बाहिरी आउटर (पोका) बनाउनु पर्दछ । उक्त पोकामा सूर्तीजन्य वस्तु र प्याकिङ्ग मेटेरियल समेतको कुल तौल **(Gross Weight)** खैनी वा चूना मिलाई खाने प्याकिङ्ग गरिएको सूर्तीमा ४०० ग्राम र गुट्खा/पानपराग /पान मसलामा १५० ग्राम हुने गरी बस्तु प्याकिङ्ग गरिएको हुनु पर्नेछ । उत्पादक वा आयातकर्ताले अन्तःशुल्क टिकट लागू हुने मितिमा मौज्दात रहेको तयारी पदार्थको विवरण (विभागले तोके बमोजिमको ढाँचामा) अन्तःशुल्क टिकट लागू भएको ७ दिन भित्र र बिक्रेताले १५ दिन भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा बुझाउनु पर्नेछ । सूर्तिजन्य पदार्थका उत्पादक तथा आयातकर्ताले मिति २०७०।०२।०१ गते पछि अन्तःशुल्क टिकट टाँस गरेर मात्र बस्तु निष्कासन तथा बिक्री गर्नु पर्नेछ । उत्पादक तथा पैठारीकर्ता वाहेक अन्य बिक्रेताले आफूसांग रहेका अन्तःशुल्क टिकट नलागेका वस्तुहरू मिति २०७० साल असार मसान्तसम्म बिक्री गरी सक्नुपर्नेछ । सो मिति पछि अन्तःशुल्क टिकट नलागेका बस्तु बिक्री वितरण गर्न पाइने छैन, सो समय पछि अन्तःशुल्क टिकट टाँस नगरी बिक्री भएको सूर्तिजन्य पदार्थ अवैध हुनेछ । यस सम्बन्धमा थप कुराहरू बुझ्नु परेमा सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट बुझ्न सकिनेछ । साथै सो कार्यविधि यस विभागको web side www.ird.gov.np मा समेत राखिएको छ ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
**Email: taxbulletin@ird.gov.np**
**website: www.ird.gov.np**

**संरक्षक**
टंकमणि शर्मा

**सम्पादक मण्डल**
मदन दहाल
लक्ष्मी पराजुली
शिव शर्मा
महाराज कोइराला
नारायणप्रसाद सुवेदी
ढुण्डीराज दाहाल